# परिदृष्य २१०० (Vision 2100)

## काठेखोला गाउँपालिकाको दिगो विकास गुरुयोजना

(Sustainable Development Plan of Kathekhola Rural Municipality)




**काठेखोला गाउँपालिका**

बाग्लुङ्ग, गण्डकी प्रदेश

भाद्र २०७६

# विषयसूची


**खण्ड १: परिचय** **ट**
*१.१ पृष्ठभूमि* *ट*
*१.२ गुरुयोजनाको दिर्घकालिन सोच* *ट*
*१.३ गुरुयोजनाको उद्देश्य* *ठ*
*१.४ गुरुयोजना तर्जुमा प्रकिया* *ठ*
१.४.१ दस्तावेजहरुको पुनरावलोकन ड
१.४.२ प्राथमिक तथ्याङ्क एवं सुचना सङ्कलन ड
१.४.३ तथ्याङ्क विश्लेषण ज्ञज्ञ
*१.५ गुरुयोजना निर्माणका सैद्धान्तिक आधारहरु* *ज्ञज्ञ*
*१.६ गुरुयोजना कार्यान्वयन रणनीति* *ज्ञद्द*
*१.७ गुरुयोजनाको संरचना* *ज्ञद्द*

**खण्ड २: गाउँपालिकाको सामान्य विवरण** **ज्ञघ**
*२.१ भौगोलिक अवस्था* *ज्ञघ*
*२.२ भूउपयोगको स्थिति* *ज्ञद्ध*
*२.३ वस्तीको अवस्थिति* *ज्ञट*
*२.४ बसाईं सराईंको स्थिति* *ज्ञट*
*२.५ जनसंख्याको बनौट* *ज्ञट*
२.५.१ लिंग तथा उमेर अनुसार जनसंख्याको वर्गिकरण ज्ञट
२.५.२ जातजाति अनुसार घरधुरीको वर्गिकरण ज्ञठ
२.५.४ धर्म अनुसार घरधुरीको वर्गिकरण ज्ञठ
२.५.५ पेशागत विवरण ज्ञड

**खण्ड ३: विषयगत नीति तथा योजना** **ज्ञढ**
*३.१ कृषि तथा पशुपालन* *ज्ञढ*
३.१.१ वर्तमान अवस्थाको विश्लेषण ज्ञढ
३.१.२ विकासका सूचक तथा लक्ष्यहरु द्दद्ध
३.१.३ नीति तथा कार्यक्रमहरु द्दछ
*३.२ वन* *द्दट*
३.२.१ वर्तमान अवस्थाको विश्लेषण द्दट
३.२.२ विकासका सूचक तथा लक्ष्यहरु द्दठ
३.२.३ नीति तथा कार्यक्रमहरु द्दड
*३.३ शिक्षा तथा खेलकुद* *द्दढ*
३.३.१ वर्तमान अवस्थाको विश्लेषण द्दढ
३.३.२ विकासका सूचक तथा लक्ष्यहरु घद्द
३.३.३ नीति तथा कार्यक्रम घघ
*३.४ पर्यटन तथा संस्कृति प्रवर्द्धन* *घट*
३.४.१ वर्तमान अवस्थाको विश्लेषण घट
३.४.२ विकासका सूचक तथा लक्ष्यहरु घठ
३.४.३ नीति तथा कार्यक्रम घठ
*३.५ यातायात* *घढ*
३.५.१ वर्तमान अवस्थाको विश्लेषण घढ
३.५.२ विकासका सूचक तथा लक्ष्यहरु द्धज्ञ
३.५.३ नीति तथा कार्यक्रम द्धज्ञ
*३.६ संचार* *द्धद्द*
३.६.१ वर्तमान अवस्थाको विश्लेषण द्धद्द
३.६.२ विकासका सूचक तथा लक्ष्यहरु द्धघ
३.६.३ नीति तथा कार्यक्रम द्धद्ध
*३.७ उर्जा* *द्धछ*
३.७.१ वर्तमान अवस्थाको विश्लेषण द्धछ
३.७.२ विकासका सूचक तथा लक्ष्यहरु द्धट
३.७.३ नीति तथा कार्यक्रम द्धठ
*३.८ स्वास्थ्य* *द्धड*
३.८.१ वर्तमान अवस्थाको विश्लेषण द्धड
३.८.२ विकासका सूचक तथा लक्ष्यहरु द्धढ
३.८.३ नीति तथा कार्यक्रम छण
*३.९ खानेपानी तथा सरसफाई* *छज्ञ*
३.९.१ वर्तमान अवस्थाको विश्लेषण छज्ञ
३.९.२ शौचालयको वर्तमान अवस्था छद्ध
३.९.३ विकासका सूचक तथा लक्ष्यहरु छछ
३.९.४ नीति तथा कार्यक्रमहरु छट

*३.१० आवास र वस्ती विकास* *छठ*
३.१०.१ वर्तमान अवस्थाको विश्लेषण छठ
३.१०.२ विकासका सूचक तथा लक्ष्यहरु छठ
३.१०.३ नीति तथा कार्यक्रम छड
*३.११ वातावरण तथा जलवायु परिवर्तन व्यवस्थापन* *छढ*
३.११.१ वर्तमान अवस्थाको विश्लेषण छढ
३.११.२ नीति तथा कार्यक्रम छढ
*३.१२ लैंगिक तथा सामाजिक समावेशीता, जिविकोपार्जन र सुशासन* *छढ*
३.१२.१ वर्तमान अवस्थाको विश्लेषण छढ
३.१२.२ नीति तथा कार्यक्रमहरु टण

**खण्ड ४: गुरुयोजना कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन** **टज्ञ**
*४.१ गुरुयोजना कार्यान्वयन* *टज्ञ*
*४.२ अनुगमन तथा मूल्याङ्कन* *टद्द*

**खण्ड ५: अल्पकालिन कार्ययोजना** **टद्ध**

**अनुसुचीहरु** **ढण**
*अनुसुची १: घरधुरी सर्वेक्षण प्रश्नावली* *ढण*
*अनुसुची २: प्रशासनिक नक्शा* *ज्ञण्ण*
*अनुसुची ३: जमिनको उचाई देखिने नक्शा* *ज्ञण्ज्ञ*
*अनुसुची ४: मोहडाको नक्शा* *ज्ञण्द्द*
*अनुसुची ५: भिरालोपना देखाउने नक्शा* *ज्ञण्घ*
*अनुसुची ६: टोपोग्राफिक नक्शा (स्थलाकृतिक नक्शा)* *ज्ञण्द्ध*
*अनुसुची ७: प्राकृतिक खोलानाला देखाउने नक्शा* *ज्ञण्छ*
*अनुसुची ८: भूउपयोग नक्शा* *ज्ञण्ट*
*अनुसुची ९: वडा नं १ देखि ८ सम्मको आधार (वेश) नक्शा* *ज्ञण्ठ*
*अनुसुची १०: वस्तीको अवस्था तथा जनसंख्या घनत्व देखाउने नक्शा* *ज्ञण्ड*
*अनुसुची ११: कृषि उपयुक्त सम्वन्धि नक्शा* *ज्ञण्ढ*
*अनुसुची १२: शैक्षिक संस्थाहरुको अवस्थिती* *110*
*अनुसुची १३: क्षेत्रिय परिवेश नक्शा* *111*
*अनुसुची १४: सडक सञ्जाल तथा सडकका किसिम* *112*
*अनुसुची १५: स्वास्थ संस्थाहरुको अवस्थिती* *113*

## चित्र सुची

चित्र १: सहभागितामूलक योजना तर्जुमा प्रक्रियाका चरणहरु

चित्र २: जरुरी तथा महत्व ढांचा (आइसेनआवर म्याट्रिक्स)

चित्र ३: काठेखोला गाउँपालिकाको अवस्थिति (स्रोत: वन अनुसन्धान तथा तालिम केन्द्र, २०१८)

चित्र ४: वडा अनुसार विभिन्न भूउपयोगले ओगटेको क्षेत्रफलको प्रतिशत

चित्र ५: रोजगारीका किसिमहरु

## तालिका सुची

तालिका १: काठेखोला गाउँपालिकाको भूउपयोगको स्थिति

तालिका २: वडा अनुसार भूउपयोगको स्थिति

तालिका ३: विभिन्न उमेर समुहका महिला तथा पुरुषको जनसंख्या

तालिका ४: वडा अनुसार विभिन्न जातजातीको परिवार संख्या

तालिका ५: जातजाति अनुसार विभिन्न धर्मलम्वी घरधुरी प्रतिशत

तालिका ६: स्थानीय तथा उन्नत जातका पशुपालन गर्ने घरधुरी (प्रतिशत)

तालिका ७: कृषि तथा पशुपालन सम्बन्धी सवाल तथा आर्थिक क्रियाकलाप प्राथमिकीकरण (टोल तथा वडा भेला)

तालिका ८: कृषि क्षेत्रका लागि विकासका सूचक तथा लक्ष्यहरु
तालिका ९: वन क्षेत्रको विकासका सूचक तथा लक्ष्यहरु
तालिका १०: शैक्षिक संस्थाहरुको विवरण
तालिका ११: विभिन्न विद्यालयहरुमा विद्यार्थी संख्या विवरण
तालिका १२: शिक्षा सम्बन्धी सवाल तथा कार्यक्रम प्राथमिकीकरण (टोल तथा वडा भेला)
तालिका १३: शिक्षा क्षेत्रका विकासका सूचकहरु र लक्ष्यहरु
तालिका १४: पर्यटन क्षेत्रसँग सम्बन्धित विकासका सूचक तथा लक्ष्यहरु
तालिका १५: पर्यटन क्षेत्रसँग सम्बन्धित विकासका सूचक तथा लक्ष्यहरु
तालिका १६: सडकको अवस्था र व्यवस्थापन सम्बन्धी प्राथमिकीकरण
तालिका १७: यातायात क्षेत्रका विकासका सूचक र लक्ष्यहरु
तालिका १८: विभिन्न सञ्चारका माध्यमहरु प्रयोग गर्ने घरधुरीहरुको विवरण (प्रतिशत)
तालिका १९: मनोरन्जनका साधन प्रयोग गर्ने घरधुरी (प्रतिशत)
तालिका २०: सञ्चार क्षेत्रका विकासका सूचक र लक्ष्यहरु
तालिका २१: खाना पकाउने इन्धनको प्रकार (प्रयोग गर्ने घरधुरी प्रतिशत)
तालिका २२: दाउराको लागि प्रयोग गरिने चुल्हो (प्रयोग गरेका घरधुरी प्रतिशत)
तालिका २३: उज्यालोको लागि विभिन्न इन्धन प्रयोग गर्ने घरधुरी प्रतिशत
तालिका २४: पानी तताउन प्रयोग गरिने उपकरण रहेका घरधुरी प्रतिशत
तालिका २५: सामाजिक तथा अन्य सवाल तथा प्राथमिकीकरण (टोल तथा वडा भेला)
तालिका २६: ऊर्जा क्षेत्रका विकासका सूचक तथा लक्ष्यहरु
तालिका २७: उपचारका विधी अपनाउने घरधुरी प्रतिशत
तालिका २८: स्वास्थ सम्बन्धी सवाल तथा कार्यक्रम प्राथमिकीकरण (टोल तथा वडा भेला)
तालिका २९: स्वास्थ क्षेत्रका विकासका सूचक तथा लक्ष्यहरु
तालिका ३०: जातजाति अनुसार खानेपानीको स्रोतमाथि घरधुरीको पुहंच (प्रतिशत)
तालिका ३१: पानी स्वच्छ पार्ने तरिका (घरधुरी प्रतिशत)
तालिका ३२: खानेपानीको स्रोत तथा व्यवस्थापनको आवश्यकता
तालिका ३३: शौचालयको अवस्था (प्रतिशत)
तालिका ३४: वाथरुमको अवस्था (घरधुरी प्रतिशत)
तालिका ३५: खानेपानी तथा सरसफाई सम्बन्धी विकासका सूचक तथा लक्ष्यहरु
तालिका ३६: जातजातिका आधारमा घरको स्वामित्व (प्रतिशत)
तालिका ३७: जातजातिको आधारमा घरको अवस्था (प्रतिशत)
तालिका ३८: आवास तथा वस्ती विकास सम्बन्धी सूचक तथा लक्ष्यहरु
तालिका ३९: अनुगमन तथा मूल्याङ्कन

तालिका ४०: अल्पकालिन कार्ययोजना

# खण्ड १: परिचय

## १.१ पृष्ठभूमि

वि.सं. २०७२ मा जारी नेपालको संविधानले लामो समयसम्म कायम रहेको केन्द्रिकृत शासन प्रणालीको अन्त्य गरी संघीय शासन प्रणाली स्थापित गरेको छ। जस अनुसार संघ, प्रदेश र स्थानीय तहको निर्वाचन समेत सम्पन्न भई तिन वटै तहमा जननिर्वाचित सरकारहरु क्रियाशिल छन्। स्थानीय तहमा गाउँसभा वा नगरसभाको रुपमा स्थानीय व्यवस्थापिका तथा गाउँपालिका वा नगरपालिकाको रुपमा स्थानीय कार्यकारिणी रहने संवैधानिक व्यवस्था छ।

संविधानले स्थानीय तहको अधिकारका क्षेत्रहरु सुचिकृत गरी उक्त अधिकार क्षेत्रका विषयहरुमा कानुन बनाई लागू गर्ने, कर लगाउने र राजस्व उठाउने अख्तियारी स्थानीय तहलाई दिएको छ। त्यसैगरी वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय सरकारलाई प्रदान गरेको छ। स्थानीय सरकारले आफ्ना राजस्वका स्रोतका अतिरिक्त नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त गर्ने अनुदानहरु एवं अन्य वित्तिय स्रोतहरुको परिचालन गरी स्वतन्त्र ढंगले विकास गतिविधिहरु संचालन गर्ने सामर्थ्य राख्दछ।

उपरोक्त संवैधानिक व्यवस्थाले मूलतः पहुँचको आधारमा टुक्रे आयोजनाहरुको बाँडफाँट गर्नमा सिमित रहेको विगतको केन्द्रिकृत विकास प्रणालीको कमजोरीलाई सच्याउँदै जनउत्तरदायी, दिगो र योजनावद्ध विकास गर्न मार्ग प्रशस्त गरेको छ। यसै क्रममा काठेखोला गाउँपालिकाको वि. सं. २१०० सम्मको विकासको खाका सहितको दिगो विकास गुरुयोजना तर्जुमा गरिएको हो।

## १.२ गुरुयोजनाको दिर्घकालिन सोच

यो गुरुयोजनाले काठेखोला गाउँपालिकालाई सामाजिक न्याय, समानता र सुखको अनुभूति सहित आर्थिक रुपले समृद्ध मानिसहरु बसोबास गर्ने एक वातावरणमैत्री गाउँपालिकाको रुपमा विकास गर्ने दिर्घकालिन सोच राखेको छ।

## १.३ गुरुयोजनाको उदेश्य

सार्वजनिक निर्णय प्रक्रियालाई वैज्ञानिक, पारदर्शी र जवाफदेही बनाई काठेखोला गाउँपालिकाको दिगो र योजनावद्ध विकास गर्ने उद्देश्यले यो गुरुयोजना तर्जुमा गरिएको हो । यसका विशिष्ट उद्देश्यहरु देहाय वमोजिम रहेका छन् ।

- विभिन्न विषयगत क्षेत्रका आवधिक तथा बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्न दिशा निर्देश गर्ने ।
- आर्थिक रुपले विपन्न र सामाजिक हिसावले पछाडि पारिएका वर्ग, क्षेत्र, लिंग तथा समुदायको आर्थिक तथा सामाजिक रुपान्तरण गरी समतामूलक समाज निर्माण गर्न सहजीकरण गर्ने ।
- विकास आयोजनाहरुको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाई दिगो विकासको सुनिश्चितता गर्ने, र
- गाउँपालिकाको सेवा प्रवाहलाई जनमुखी, पारदर्शी र चुस्त बनाउने ।
- अन्तराष्ट्रिय तथा राष्ट्रिय दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्ने ।

## १.४ गुरुयोजना तर्जुमा प्रक्रिया

यो गुरुयोजना निर्माण गर्दा मुख्यतः सहभागितामूलक योजना प्रक्रिया (चित्र १) को अवलम्वन गरिएको थियो । यस क्रममा विभिन्न स्रोतहरुबाट प्राथमिक तथा द्वितियक सूचना एवं तथ्याङ्कहरु संकलन गरी विश्लेषण गरिएको थियो । तथ्याङ्क संकलन एवं विश्लेषणका विधिहरुबारे तल संक्षेपमा ब्याख्या गरिएको छ ।



**चित्र १: सहभागितामूलक योजना तर्जुमा प्रकियाका चरणहरु**

### *१.४.१ दस्तावेजहरुको पुनरावलोकन*

यो गुरुयोजना तयार गर्ने क्रममा पूर्व अध्ययन एवं दस्तावेजहरु जस्तैः काठेखोला गाउँपालिकाको वस्तुगत विवरण, आ.व. २०७४/७५ तथा २०७५/७५ को वार्षिक वजेट, नीति तथा कार्यक्रम, वाग्लुङ्ग जिल्लाको वस्तुगत विवरण, गण्डकी प्रदेशको स्थितीपत्र २०७५, राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५, प्रदेश नीति तथा योजना आयोगले तयार गरेको स्थानीय तहमा आवधिक विकास योजना तर्जुमा प्रक्रिया, स्थानीय तहका पदाधिकारीहरुलाई प्रशिक्षण प्रयोजनको लागि तयार गरिएको संक्षिप्त निर्देशिका २०७५ र सम्बन्धीत अध्ययन प्रतिवेदन, डिभिजन वन कार्यालय, वाग्लुङ्गको वार्षिक प्रतिवेदन, काठेखोलासँग सम्बन्धीत दस्तावेज, नक्शा तथा तथ्याङ्कहरुको पुनरावलोकन गरिएको थियो । यसै गरी दिगो विकास लक्ष्यहरु, आवश्यकता पहिचान र प्राथमिकीकरण (जस्तै महत्व र जरुरी ढाँचा), योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरका लेख, मार्गदर्शन र सन्दर्भ सामग्रीहरुको समेत पुनरावलोकन गरिएको थियो ।

### *१.४.२ प्राथमिक तथ्याङ्क एवं सुचना सङ्कलन*

गुरुयोजना तयार गर्ने क्रममा गाउँपालिकाका सबै घरधुरीहरुमा गरिएको (पालिकाको प्रत्येक घरधुरी तथ्याङ्क जनगणना) घरधुरी सर्वेक्षणबाट प्राप्त विभिन्न विषयगत क्षेत्रका तथ्याङ्कहरु, ७२ टोल स्तरीय स्थानीय समुदायसँग अन्तरक्रिया मार्फत सङ्कलन गरिएका तथ्याङ्कहरु, विभिन्न विषयगत क्षेत्रका मुख्य सूचनादाताहरु र विज्ञहरुसँगको अन्तरवार्ता र लक्षित समूह छलफलबाट प्राप्त तथ्याङ्कहरु प्रमुख आधारको रुपमा प्रयोग गरिएका छन् । यसका साथै गाउँपालिका तथा अन्य विषयगत सरकारी एवं गैर सरकारी संघ संस्थाहरुसँग रहेका द्धितियक तथ्याङ्कहरु समेत गुरुयोजना निर्माणका क्रममा प्रयोग गरिएका छन् । प्राथमिक तथ्याङ्क संकलनका विधि र प्रकिया सम्बन्धमा तल संक्षेपमा व्याख्या गरिएको छ ।

**(क) प्रारम्भिक छलफल**

योजना तर्जुमाको प्रारम्भमा पालिकाका अध्यक्ष लगायत जनप्रतिनिधिहरु, विषयगत समितीहरु र वडाध्यक्षहरु तथा सम्बन्धित कर्मचारीहरुसँग छलफल गरी योजनाको

औचित्य, प्रभावकारिता र तर्जुमा प्रक्रियाको निर्धारण गरिएको थियो । छलफल पश्चात मूलतः २ प्रकारको तथ्याङ्क सङ्कलन गर्ने तय भएको थियो (१) सहभागितामूलक आवश्यकता पहिचान र (२) घरधुरी सर्वेक्षण । यस छलफलमा सहभागितामूलक आवश्यकता पहिचानका प्रक्रिया र घरधुरी सर्वेक्षणको प्रश्नावली एवं यी तथ्याङ्क सङ्कलन प्रक्रियामा वडा अध्यक्षहरुको भूमिका र सहयोग वारेमा निर्णय गरिएको थियो ।

**(ख) स्थानिय स्रोत व्यक्ति छनौट र अभिमुखीकरण**

गाउँपालिका तथा वडा कार्यालयहरुसँगको अन्तरक्रियाबाट छनौट गरिएका स्थानीय स्रोत व्यक्तिहरु परिचालन गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको थियो । सो को लागि परामर्शदाताबाट टोल भेला तथा घरधुरी सर्वेक्षण सम्बन्धी प्रक्रियाका वारेमा स्रोत व्यक्तिहरु तथा वडाध्यक्ष र वडा सचिवहरुसँग सयुंक्त छलफल गरिएको थियो भने स्थानीय टोल भेलाको लागि छलफलको सूची तथा घरधुरी सर्वेक्षणका लागि प्रश्नावली तयार गरी स्रोत व्यक्तिहरुलाई २ दिने अभिमुखीकरण गरिएको थियो । अभिमुखीकरण पश्चात परामर्शदाताहरुको रोहवरमा स्थानीय स्रोत व्यक्तिहरुले परिक्षण टोल भेला अन्तरक्रिया तथा घरधुरी सर्वेक्षण गरेका थिए । उक्त परिक्षणबाट प्राप्त सुझावहरुको आधारमा छलफलको सूची तथा घरधुरी सर्वेक्षणको प्रश्नावली परिमार्जन गरी प्रयोग गरिएको थियो ।

**(ग) टोल भेला**

गुरुयोजना निर्माणको क्रममा गाउँपालिकाका जम्मा ७२ टोलहरुमा स्थानीय समुदायसँग छुट्टाछुट्टै अन्तरक्रिया गरी समुदायको सामाजिक तथा आर्थिक सवाल माथि छलफल गरी विकासका आवश्यकताहरुको पहिचान गरिएको थियो । स्थानीय स्रोत व्यक्ति, सम्बन्धीत वडा अध्यक्ष र वडा कार्यालयको सचिवले सञ्चालन गरेको अन्तरक्रियामा समुदायका विकासका आवश्यकताहरुलाई प्राथमिकीकरण गर्न जरुरी तथा महत्व ढाँचा (चित्र २) प्रयोग गरिएको थियो जसअनुसार छिटो गर्नु पर्ने (जरुरी) र कार्यक्रमको धेरै प्रभावकारिता (महत्व) दुवै भएको (माथिको दाहिने) कार्यक्रमहरुलाई प्राथमिकीकरण गरिएको थियो ।



चित्र २: जरुरी तथा महत्व ढांचा (आइसेनआवर म्याट्रिक्स)

## (घ) वडा स्तरीय भेला र छलफल

टोलहरुबाट पहिचान गरिएका क्षेत्रगत आवश्यकताहरुलाई प्रत्येक टोलका प्रतिनिधिहरुको सहभागीतामा परामर्शदाता वा विज्ञहरुद्धारा ८ वटा वडामा वडा स्तरीय छलफल तथा अन्तरक्रिया गरिएको थियो । वडा अध्यक्ष, निर्वाचित वडा समिती, विषयगत सरोकारवालाहरु जस्तैः शिक्षा, पशुपालन, कृषि, स्वास्थ, वन, सञ्चार क्षेत्रका प्रतिनिधीहरु तथा वडा स्तरका आदिवासी जनजाति, महिला प्रतिनिधी, दलित तथा विपन्न वर्गहरुको उपस्थितीमा भएको उक्त छलफलमा टोलबाट आएका प्राथमिकृत विषयगत समस्या माथि छलफल गरी जरुरी र महत्व ढाँचाको प्रयोग गरी वार्ड स्तरीय विषयतग प्राथमिकीकरण गरिएको थियो । प्राथमिकीकरण गर्दा विषय र भेग (टोल) समेतलाई ध्यान दिइएको थियो । छलफलमा विषयगत वर्तमान अवस्था र समस्या, विषयगत लक्ष्य र समाधान तथा लक्ष्य प्राप्तीको लागि गरिनु पर्ने कार्यक्रमहरु सम्बन्धी सुझावहरु सङ्कलन गरिएको थियो ।

यसरी वडा स्तरबाट आएका प्राथमिकताप्राप्त कार्यक्रमहरुलाई गाउँपालिकास्तरीय छलफल मार्फत अल्पकालिन र दीर्घकालिन योजनामा समावेश गरिएको छ ।

## (ङ) स्थानीय स्रोत व्यक्तिहरु मार्फत घरधुरी सर्वेक्षण

प्रत्येक वडामा २, २ जना गरी जम्मा ८ वडाका लागि १६ जना स्थानीय स्रोत व्यक्तिहरु घरधुरी सर्वेक्षणमा परिचालन गरिएको थियो । घरधुरी सर्वेक्षणको प्रश्नावली सम्बन्धमा अभिमुखीकरण गराई घरधुरी सर्वेक्षणको आधारभुत प्रक्रिया र नैतिकता वारे जानकारी गराईएको थियो । घरधुरी सर्वेक्षणका क्रममा देखा परेका समस्या तथा सवालहरु सम्वन्धी स्थानीय स्रोत व्यक्तिहरुबीच छलफल तथा अन्तरक्रिया गरिएको थियो । गाउँपालिकाका ८ वडामा सबै ५,६९८ वटा घरधुरीको सर्वेक्षण गरिएको थियो । घरधुरी सर्वेक्षण फाराम (प्रश्नावली) अनुसूची १ मा संलग्न छ ।

## (च) स्थलगत सर्वेक्षण र प्रमाणीकरण

परामर्शदाता तथा विज्ञहरुको स्थलगत अध्ययन टोलीले गाउँपालिकाको प्रत्येक वडा र टोल भ्रमण गरी स्थलगत सर्वेक्षण तथा अवलोकन गरी विषयगत अवस्थाको तथ्याङ्क सङ्कलन

गरिएको थियो । टोल भेला तथा वडास्तरीय अन्तरक्रियामा आएका विषयगत समस्याहरुको स्थलगत अवलोकनका साथै विद्यालय, सडक, स्वास्थ चौकी, मानव वस्ती, वन क्षेत्र, खानेपानी, सिंचाई, विद्युत, सञ्चार तथा अन्य भौतिक अवस्थाहरुलाई ArcGIS Software को सहयोगमा नक्शांकन गरी गाउँपालिका र वडास्तरीय भौतिक अवस्था नक्शा तयार गरिएको थियो ।

**(छ) विषयगत विज्ञ तथा स्रोत व्यक्तिहरुसँग अन्तरक्रिया**

गुरुयोजना तयार गर्ने क्रममा परामर्शदाता तथा विज्ञहरुद्धारा विषयगत विज्ञ तथा राजनीतिक व्यक्तिहरुसँग अन्तरक्रिया तथा छलफल गरिएको थियो । विद्यालय तथा क्याम्पसका प्रमुखहरु, भूतपूर्व शिक्षकहरु, स्रोत व्यक्ति, वन, कृषि, स्वास्थ्य, शिक्षा लगायतका विषयगत सरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधिहरु तथा पर्यटन विज्ञहरुसँग छलफल गरी सुझाव सङ्कलन गरिएको थियो ।

***१.४.३ तथ्याङ्क विश्लेषण***

घरधुरी सर्वेक्षणबाट सङ्कलन गरिएका तथ्याङ्क तथा सुचनाहरुलाई Excel को सहयोगमा विश्लेषण गरी चित्र तथा तालिका मा उपयुक्त किसिमले प्रस्तुत् गरिएको छ । यसै गरी टोल भेला तथा वडास्तरीय छलफलबाट आएका विषयगत सवाल र प्राथमिकीकरणहरुलाई सम्बन्धीत विषयगत उपशिर्षकमा प्रस्तुत् गरिएको छ । स्थलगत अवलोकनबाट आएका भौतिक पूर्वाधार सम्बन्धी तथ्याङ्कहरुलाई नक्शाको रुपमा विकास गरी योजना दस्तावेजको उपयुक्त स्थानमा प्रस्तुत् गरिएको छ । यसै गरी द्धितियक स्रोतबाट लिईएका तथ्याङ्कहरुलाई तालिकामा प्रस्तुत् गरिएको छ ।

## १.५ गुरुयोजना निर्माणका सैद्धान्तिक आधारहरु

यो गुरुयोजना निर्माण गर्दा निम्न बमोजिमका सैद्धान्तिक तथा नीतिगत आधारहरुको अनुसरण गरिएको छ ।

(क) योजनाहरुको विषयगत र क्षेत्रगत (sectoral and spatial) वर्गिकरण

(ख) घरधुरीलाई योजना निर्माणको न्यूनतम इकाईको रुपमा स्वीकार

(ग) सार्वजनिक लगानीबाट प्राप्त विकासको प्रतिफलमा समान पहुँच

(घ) नेपालको संविधानले अंगिकार गरेका सिद्धान्त तथा नीतिहरु

(ङ) संयुक्त राष्ट्रसंघ तथा नेपालले अंगीकार गरेका दिगो विकास लक्ष्यहरु (यस गुरुयोजनामा प्रस्ताव गरिएका नीति तथा कार्यक्रमहरुले १६ वटा दिगो विकास लक्ष्य (लक्ष्य १४ बाहेकका) अन्तरगतका जम्मा ९० वटा परिमाणात्मक लक्ष्यहरु हासिल गर्न योगदान गर्ने छन्)

(च) संघ तथा प्रदेशका क्षेत्रगत तथा अन्तरक्षेत्रगत नीति, ऐन तथा नियमहरु

(छ) राष्ट्रिय योजना आयोगद्धारा प्रकाशित स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ द्धारा निर्दिष्ट मार्गदर्शन

(ज) पन्ध्रौं पञ्चवर्षीय योजनाको अवधारणा पत्रले अङ्गिकार गरेका सिद्धान्त तथा नीतिहरु

(झ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६, दफा २४ को व्यवस्था अनुसार स्थानीय तहलाई निक्षेपित अधिकारहरु

(ञ) स्थानीय तहमा सहभागी दलहरुका घोषणापत्रहरु

## १.६ गुरुयोजना कार्यान्वयन रणनीति

यो गुरुयोजना कार्यान्वयन गर्नको लागि निम्न रणनीतिहरु तय गरिएको छ ।

(क) स्थानीय स्रोतको पहिचान तथा अधिकतम परिचालन गर्ने ।

(ख) संघीय तथा प्रदेश सरकारको आवधिक कार्यक्रम तथा योजनासँग तादाम्यता कायम गर्ने ।

(ग) सहभागीतामूलक कार्यान्वयनमा जोड दिने ।

(घ) पारदर्शिता, जवाफदेहिता तथा सुशासनका सिद्धान्तहरुको पालना गर्ने ।

(ङ) सामाजिक न्याय र समावेशिताका सिद्धान्तहरुको पालना गर्दै धेरै किसिमबाट बन्चित पारिएका (Multiple Jeopardized Group) समुदाय र समुहलाई पहिलो प्राथमिकतामा राख्ने ।

## १.७ गुरुयोजनाको संरचना

यस गुरुयोजनाको पहिलो खण्डमा संक्षिप्त परिचय, योजना तर्जुमाका लाीग अपनाइएको विधि, निर्देशित सिद्धान्तहरु तथा योजना कार्यान्वयन रणनीति सम्बन्धी व्याख्या गरिएको छ । खण्ड २ मा काठेखोला गाउँपालिकाको भौगोलिक अवस्था, भूउपयोग, वस्ती, जनसंख्या तथा घरधुरीको बनौट एवं वसाई सराई सम्बन्धमा संक्षिप्त जानकारी दिइएको छ । खण्ड ३ मा घरधुरी सर्वेक्षणको तथ्याङ्क विश्लेषणबाट प्राप्त नतिजा एवं टोल भेला र वडास्तरीय छलफलबाट आएका विकास सम्बन्धी सवाल तथा अपेक्षाहरुको आधारमा विभिन्न विषयगत क्षेत्रको वर्तमान अवस्था, विकासका सूचकहरु तथा ती सूचकहरु बमोजिमको लक्ष्य हासिल गर्न अवलम्वन गरिने नीति

तथा कार्यक्रमहरु प्रस्ताव गरिएको छ । खण्ड ४ मा संस्थागत संरचना र अनुगमन, मूल्याङ्कनको विषय समेटिएको छ भने अन्तिम खण्ड (खण्ड ५) मा आगामी तीन वर्षको लागि कार्ययोजना प्रस्तुत गरिएको छ ।

# खण्ड २: गाउँपालिकाको सामान्य विवरण

## २.१ भौगोलिक अवस्था

काठेखोला गाउँपालिका गण्डकी प्रदेशको वाग्लुङ्ग जिल्लामा २८.२०२३९५° देखि २८.३२४३२९° उत्तरी अक्षांश र ८३.४६४८०५° देखि ८३.५६३७२७° पूर्वी देशान्तरमा फैलिएको छ । जम्मा ८ वडाहरु रहेको (गाउँपालिकाको प्रशासनिक नक्शा अनुसूची २ मा संलग्न छ) यो गाउँपालिकाको क्षेत्रफल करिव ८३ वर्ग कि.मी. छ । गाउँपालिकाको पूर्वमा वाग्लुङ्ग नगरपालिका, उत्तरमा म्याग्दी जिल्ला, पश्चिममा गल्कोट नगरपालिका र ताराखोला गाउँपालिका तथा दक्षिणमा जैमिनी र वाग्लुङ्ग नगरपालिकाहरु पर्दछन् (चित्र ३) ।




**चित्र ३: काठेखोला गाउँपालिकाको अवस्थिति** (स्रोत: वन अनुसन्धान तथा तालिम केन्द्र, २०१८)

काठेखोला गाउँपालिकाको भूभाग समुद्री सतहबाट ९९४.८ मि. देखि २,८२९.६ मि. सम्मको उचाइमा अवस्थित छ (जमीनको उचाइ तथा मोहडा देखाइएको नक्शाहरु क्रमश: अनुसूची ३ र ४ मा संलग्न छन्) । सामान्यदेखि अति भिरालोसम्म भूभाग रहेको (अनुसूची ५ र ६) यो गाउँपालिकामा न्युनतम ३ डिग्री सेल्सियस देखि अधिकतम ३५ डिग्री सेल्सियस सम्म तापक्रम रहेको पाइन्छ । यहाँका मुख्य नदिनालामा काठेखोला, भुंदीखोला, साङ्खोला, अधेंरीखोला, मंगलखोला, धुवाखोला, खाल्लेखोला र खहरेखोला रहेका छन् (अनुसूची ७) ।

काठेखोला क्षेत्रमा गाजाको धुरी, घोडाबाँधे, थाप्लेको धुरी, झुलेनीको धुरी, कान्छो धौलागिरी, रामकोट, वसन्ताप, भिमादरवार, तंग्रामको नमुना घांसीकुवा, खोर ताल, तिनचुलेको धुरी, रेशको सत्यवति, लेखानीको शिवालयमन्दिर, मथेको धुरी, पालाको खाङ्सिङ्को गुफा आदि जस्ता धार्मिक तथा प्राकृतिक सम्पदाहरु रहेका छन् ।

## २.२ भूउपयोगको स्थिति

काठेखोला गाउँपालिकाको ८,२९५.१३ हेक्टर क्षेत्रफल मध्ये करिव ५५ प्रतिशत ( ४,५२९.९१ हे) वन क्षेत्र र करिव ४२ प्रतिशत (३,४७३.७५ हे) कृषि क्षेत्रले ओगटेको छ । भूउपयोगको विस्तृत विवरण तालिका १ मा दिइएको छ साथै भूउपयोग नक्शा अनुसूची ८ मा संलग्न छ ।

**तालिका १: काठेखोला गाउँपालिकाको भूउपयोगको स्थिति**

| भूउपयोग | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---:|---:|
| कृषि | ३,४७३.७५ | ४१.८८ |
| वन | ४,५२९.९१ | ५४.६१ |
| पोखरी | ०.७१ | ०.०१ |
| नदी | १४.०४ | ०.१७ |
| वस्ती | ८८.८२ | १.०७ |
| सडक | १,८७.९० | २.२७ |
| **जम्मा** | **८,२९५.१३** | **१००** |

यो गाउँपालिकामा वडा नं. ७ सबै भन्दा ठूलो वडा (१६२२ हे.) हो भने वडा नं. ५ ( १२०३ हे.) सबै भन्दा सानो वडा हो । सबै ८ वडाहरुको भूउपयोगको स्थिति तालिका २ र चित्र

४ मा प्रस्तुत गरिएको छ। सबै वडाहरुको भूउपयोग सहितको वडास्तरीय आधार नक्शा अनुसूची ९ मा समावेश गरिएको छ।

**तालिका २ : वडा अनुसार भूउपयोगको स्थिति**

| भूउपयोग | वडा अनुसार क्षेत्रफल (हेक्टर) | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ७ | वडा ८ | |
| कृषि | ३१५.४७ | ५८०.८५ | ५६३.३० | ४५२.४४ | ४३५.५१ | ३०४.२२ | ५३३.२२ | २८८.७४ | ३४७३.७५ |
| वन | १६२.९९ | ५८८.२२ | ४९९.०० | ४१९.०० | ७१९.१६ | ३४७.३१ | १०३७.२८ | ७५६.६० | ४५२९.९१ |
| पोखरी | ०.०० | ०.०० | ०.०० | ०.६९ | ०.०२ | ०.०० | ०.०० | ०.०० | ०.७१ |
| नदी | ३.८० | ३.३२ | ०.०० | ०.८२ | ०.२१ | ४.३७ | ०.६७ | ०.८३ | १४.०४ |
| मानव वस्ती | ७.२० | ११.५८ | ११.१८ | १२.१३ | १५.३६ | ७.९४ | १४.५८ | ८.८६ | ८८.८२ |
| सडक | १५.६० | २१.९७ | २५.४६ | २१.६६ | ३३.०८ | २०.८५ | ३६.७१ | १२.५७ | १८७.९० |
| **जम्मा** | **५०५.०६** | **१२०५.९४** | **१०९९.३०** | **९०६.७४** | **१२०३.३५** | **६८४.६०** | **१६२२.४६** | **१०६७.६०** | **८२९५.१३** |



**चित्र ४: वडाहरुमा विभिन्न भूउपयोगले ओगटेको क्षेत्रफलको प्रतिशत**

## २.३ वस्तीको अवस्थिति

काठेखोला गाउँपालिकामा वस्तीहरु छरिएर रहेका छन् । यहाँको जनघनत्व ३५९ प्रति वर्ग कि. मी. रहेको छ । सबैभन्दा बढि जनघनत्व वडा नं. १ मा रहेको छ भने सबैभन्दा कम जनघनत्व वडा नं. ३ र ८ मा रहेको छ । वस्तीको अवस्थिति तथा जनघनत्वको नक्शा अनुसूची १० मा राखिएको छ ।

## २.४ बसाईं सराईंको स्थिति

काठेखोला गाउँपालिकाको कूल जनसंख्या मध्ये ७७.९ प्रतिशत घरमा नै वसोवास गर्दै आएका छन् भने ६.५ प्रतिशत जनसंख्या जिल्ला सदरमुकाम तथा जिल्ला भित्रका अन्य स्थानमा वसोवास गर्दछन् । ३.८ प्रतिशत जनसंख्या नेपाल भित्रकै अन्य जिल्लामा वसोवास गर्दछन् भने ११.८ प्रतिशत रोजगारी र उच्च शिक्षाको सिलसिलामा विदेशमा रहेका छन् । अस्थायीका साथै स्थायी वसाईसराई गर्ने प्रचलन समेत बढ्दै गएको देखिन्छ ।

## २.५ जनसंख्याको बनौट

### *२.५.१ लिंग तथा उमेर अनुसार जनसंख्याको वर्गिकरण*

काठेखोला गाउँपालिकामा कुल ५,६८९ घरधुरी रहेका छन् भने महिला १४,३५५ र पुरुष १५,४०८ गरी जम्मा २९,७६३ जनसंख्या रहेको छ । कुल जनसंख्याको करिव ५० प्रतिशत मानिसहरु १६ देखि ४५ वर्षको उमेर समुहका रहेका छन् (तालिका ३) । यो उमेर समुहलाई श्रम गर्न सक्षम जनशक्तिको रुपमा लिइन्छ ।

**तालिका ३ : विभिन्न उमेर समुहका महिला तथा पुरुषको जनसंख्या**

| उमेर समुह | पुरुष | महिला | जम्मा |
|---|---:|---:|---:|
| ५ वर्ष भन्दा मूनी | १,४५८ | १,२५५ | २,७१३ |
| ६ देखि १५ वर्ष सम्म | २,६७० | २,४८० | ५,१५० |
| १६ देखि ४५ वर्ष सम्म | ७,७३४ | ६,९०१ | १४,६३५ |
| ४६ देखि ७० वर्ष सम्म | २,९७३ | ३,१४५ | ६,११८ |
| ७१ देखि ९० वर्ष सम्म | ५६२ | ५५५ | १,११७ |
| ९१ वर्ष र सो भन्दा माथि | ११ | १९ | ३० |

| | | | | |
|---|---|---|---|---|
| | **जम्मा** | **१५,४०८** | **१४,३५५** | **२९,७६३** |

### *२.५.२ जातजाति अनुसार घरधुरीको वर्गिकरण*

काठेखोला गाउँपालिकामा भएका ५,६८९ घरधुरी मध्ये व्राह्मण, क्षेत्री तथा ठकुरी २,३८३ (४१.९ प्रतिशत), आदिवासी जनजाति २,०६७ (३६.३ प्रतिशत) र दलित १,२३९ (२१.८ प्रतिशत) रहेका छन् । कूलमध्ये १,१२२ (१९.७ प्रतिशत) घरधुरीमा घरमूली महिला रहेका छन् । जातजाति अनुसार व्राह्मण, क्षेत्री तथा ठकुरी, आदिवासी जनजाति र दलित परिवारहरुमध्ये क्रमशः १८.३, २२.३ र १८.२ प्रतिशत घरधुरीमा महिला घरमुली रहेका छन् । तालिका ४ मा वडा अनुसार विभिन्न जातजातिका परिवारको संख्या प्रस्तुत छ ।

**तालिका ४ : वडा अनुसार विभिन्न जातजातीको परिवार संख्या**

| वडा नं. | ब्रम्हाण, क्षेत्री तथा ठकुरी | आदिवासी जनजाति | दलित | जम्मा |
|---|---|---|---|---|
| १ | १७९ | ३१४ | १३८ | ६३१ |
| २ | ३११ | १८३ | २२१ | ७१५ |
| ३ | १७१ | १७७ | १७९ | ५२७ |
| ४ | १७ | ६७२ | १४९ | ८३८ |
| ५ | ५६४ | ८४ | २५४ | ९०२ |
| ६ | ३९० | ५ | ९८ | ४९३ |
| ७ | ५९४ | ३८२ | ८४ | १०६० |
| ८ | १५७ | २५० | ११६ | ५२३ |
| **जम्मा** | **२,३८३** | **२,०६७** | **१,२३९** | **५,६८९** |

### *२.५.४ धर्म अनुसार घरधुरीको वर्गिकरण*

काठेखोला गाउँपालिकाका करिब ९६ प्रतिशत घरधुरी हिन्दु, करिब ४ प्रतिशत बौद्ध तथा ०.३ प्रतिशत भन्दा कम मात्र इसाई धर्मालम्वी रहेका छन् । जातजाति अनुसार विभिन्न धर्म मान्ने घरधुरीहरुको विवरण तालिका ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५ : जातजाति अनुसार विभिन्न धर्मलम्वी घरधुरी प्रतिशत**

| जातजाति | हिन्दु धर्मालम्वी | बौद्ध धर्मालम्वी | इशाई धर्मालम्वी |
|---|---|---|---|
| ब्रह्मण, क्षेत्री तथा ठकुरी | ९९.९४ | ०.०६ | ०.०० |
| आदिवासी जनजाति | ८९.९६ | ९.७० | ०.३४ |
| दलित | ९९.११ | ०.२२ | ०.६७ |

| | औसत | ९५.७४ | ३.९८ | ०.२८ |
|---|---|---|---|---|

### *२.५.५ पेशागत विवरण*

काठेखोला गाउँपालिकाको कूल जनसंख्यामध्ये ७१.३ प्रतिशत जनसंख्याको मूख्य पेशा कृषि रहेको छ भने २३.२ प्रतिशत जनसंख्या विभिन्न किसिमका नोकरीमा संलग्न रहेका छन् । त्यसैगरी १.६ प्रतिशत व्यापार र ०.२ प्रतिशत घरेलु उद्योगमा संलग्न छन् भने २.२ प्रतिशत जनसंख्या दक्ष कामदार (सीपमूलक) र १.५ प्रतिशत अदक्ष कामदारको रुपमा काम गर्दछन् । दक्ष कामदार मध्ये करिव २८ प्रतिशत सिकर्मी, २५ प्रतिशत डकर्मी, १५ प्रतिशत गाडी चालक, १२ प्रतिशत सिलाई, ८ प्रतिशत फलामको काम गर्ने र १२ प्रतिशत अन्य क्षेत्रमा दक्ष रहेका छन् । नोकरीमा संलग्न मध्ये सबैभन्दा बढि (५९.६ प्रतिशत) वैदेशिक रोजगारीमा संलग्न छन् (चित्र ५) ।




**चित्र ५ : रोजगारीका किसिमहरु**

काठेखोला क्षेत्रका मानिसहरुको वैदेशिक रोजगारीको गन्तव्यको रुपमा साउदी अरेबिया, कतार, मलेशिया, जापान, कोरिया, ओमन, मालदिभ्स, साइप्रस, बहराइन, अफगानिस्तान, हङकङ तथा युरोपियन मुलुकहरु रहेका छन् ।

# खण्ड ३: विषयगत नीति तथा योजना

यस खण्डमा गाउँपालिकाको दिगो विकासमा योगदान गर्ने विभिन्न विषयगत क्षेत्रको वर्तमान अवस्था (टोल भेला तथा वडा स्तरीय छलफलबाट आएका सवाल तथा अपेक्षाहरु समेत), विकासका सूचक एवं दिर्घकालिन तथा तात्कालिन लक्ष्यहरु र उक्त लक्ष्यहरु हासिल गर्न अवलम्वन गरिने नीति तथा कार्यक्रमहरु प्रस्तुत गरिएको छ ।

## ३.१ कृषि तथा पशुपालन

### *३.१.१ वर्तमान अवस्थाको विश्लेषण*

काठेखोला गाउँपालिकाको कुल जनसंख्यामध्ये ७१.३ प्रतिशत जनसंख्याको मुख्य पेशा कृषि तथा पशुपालन रहेको छ । समशितोष्ण र शितोष्ण जलवायु रहेको यो गाउँपालिका कृषि जैविक विविधताको दृष्टिकोणले धनी क्षेत्रको रुपमा रहेको छ । यस क्षेत्रमा उष्ण प्रदेशीय फलफुल तथा तरकारी देखी शितोष्ण वालीहरुको खेती भैरहेको देखिन्छ । यहाँ व्यवसायीक कृषकहरुको तुलनामा निर्वाहमुखी कृषि प्रणाली अवलम्वन गरिरहेका कृषकहरुको वाहुल्यता रहेको छ । कृषि योग्य जमिन खण्ड खण्डमा विभाजित रहेकोले व्यवसायीक कृषि प्रणाली अवलम्वन गर्न कठिनाई रहेको देखिन्छ । मध्यपहाडी क्षेत्रका अन्य गाउँहरुको तुलनामा खेतियोग्य जग्गा बाँझो छोड्ने प्रवृत्ति यहाँ कम रहेको भएपनि यस्तो क्रम वढ्दै गएको देखिन्छ ।

कृषि तथा पशुपालन क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने जमिनको वितरण असमान छ । जातिगत हिसावले खेतियोग्य जमिनमा दलित परिवारहरुको स्वामित्व निकै कम देखिन्छ भने व्राह्मण, क्षेत्री, ठकुरी आदि समुदायको जमिनमा स्वामित्व वढी देखिन्छ । भूमीहिन तथा थोरै मात्र खेतियोग्य जग्गा भएका कृषकहरुले अधिया, ठेक्का तथा वन्धकी आदि विधीहरु अपनाई अन्य व्याक्तिहरुको जग्गामा खेती गर्ने गरेको प्रशस्तै भेटिन्छ । मानवश्रममा आधारित कृषि प्रणालीले गर्दा यस क्षेत्रमा कृषि उपजको लागत मुल्य अधिकतम हुने हुँदा उत्पादित कृषि उपजहरुले बजार प्रतिस्पर्धा गर्न कठिनाई देखिन्छ । कृषि पेशामा संलग्न जनसंख्या धेरै भएपनि युवा जनशक्तिको आकर्षण यस पेशामा भन्दा वैदेशिक रोजगारी तथा अन्य शहर केन्द्रित पेशामा वढ्दो छ जसले गर्दा कृषिको आधुनिकिकरण र व्यवसायीकरण आफैमा चुनौतीपुर्ण वन्दै गएको छ । अधिकांश

जनता कृषि पेशामा संलग्न रहेता पनि कृषि तथा पशुपालन व्यवसायले सबैलाई पुर्णकालिन रोजगारी सिर्जना गर्न सकेको देखिदैन ।

धान, गहुँ, मकै, कोदो फापर आदि अन्नवालीहरु गाँउपालिका भित्र उत्पादन हुने मुख्य खाद्यान्न वालीहरु हुन् भने आलु, काउली, मुला, टमाटर, खुर्सानी, लहरे तरकारी वाली, लसुन, प्याज आदि यस क्षेत्रमा खेती गरिने मुख्य तरकारी वाली हुन । पालिकाभित्र सुन्तलाजातका फलफुलको व्यवसायिक खेती गरिंदै आएको छ भने अन्य फलफुल वालीहरुको पनि उत्पादनको राम्रो संभावना रहेको छ । समशितोष्ण क्षेत्रमा सुन्तलाजातका फलफुल, केरा, मेवा तथा कफी र पालिकाको उपल्लो क्षेत्रमा शितोष्ण जलवायुमा हुने फलफुलहरु जस्तै नास्पाती, आरु, आरुवखडा, किवी, ओखर जस्ता फलफुल वालीको व्यवसायीक उत्पादनको वलियो सम्भावना रहेको छ । तरकारी तथा खाद्यान्न वालीको विउ उत्पादन, मसला वालीको व्यवसायीक खेती, औषधीय गुण भएका वनस्पतीहरुको संकलन तथा उत्पादन, मौरीपालन, च्याउखेती जस्ता कृषि व्यवसायको विस्तार गर्न सकेको खण्डमा यस क्षेत्रले पालिकाको समग्र आर्थिक विकासमा महत्वपुर्ण योगदान दिन सक्ने सम्भावना रहेको छ ।

पशुपालनको क्षेत्रमा गाई तथा भैसिपालन, कुखुरापालन, सुंगुर वंगुर पालन, वाख्रापालन जस्ता कृषि व्यवसाय संचालनमा रहेका छन् (तालिका ६) । अधिकांश कृषकहरुले आफ्नो घरायसी उपभोगको लागि मात्र पशुपालन व्यवसाय संचालन गर्दै आएको पाईन्छ । व्यवसायिक पशुपालनलाई प्राथमिकता दिई यस पेशामा कृषकहरुलाई आकर्षित गर्न सकेको खण्डमा पशुपालन व्यवसाय कृषकहरुको लागी मुनाफामुलक व्यवसायको रुपमा विकास हुन सक्ने प्रचुर सम्भावना रहेको छ । यस गाउँपालिकाको पालामा १, भिमापोखरामा १, माथिल्लो विहुँमा २, तल्लो विहुँमा २, रेशमा १ र लेखानीमा १ गरी जम्मा ८ वटा दुग्ध सहकारी संस्थाहरु सञ्चालनमा छन् जसले पशुपालन व्यवसायलाई सहजिकरण गरिरहेका छन् ।

**तालिका ६: पशुपालन गर्ने घरधुरी (प्रतिशत)**

| पशुको प्रकार | स्थानीय जातको | उन्नत जातको |
|---|---:|---:|
| गाई | २.३३ | ८.९९ |
| गोरु | १९.८६ | ४.९४ |
| भैंसी | ६८.५८ | ३५.५० |
| बाख्रा | ४३.४० | १०.२६ |
| भेडा | ०.६३ | ०.०० |

| | | |
|---|---|---|
| सुंगुर, बंगुर | ३.३९ | ०.७२ |
| कुखुरा | ३१.०२ | १३.३२ |

गाउँपालिकाका विभिन्न टोलहरुमा गरिएको टोलस्तरीय छलफल तथा वडास्तरीय छलफलबाट आएका कृषि तथा पशुपालन सम्बन्धी सवालहरु तथा विकासका आवश्यकताहरु तालिका ७ मा दिइएको छ ।

**तालिका ७: कृषि तथा पशुपालन सम्बन्धी विकास आवश्यकताहरु**

| वार्ड नं | कृषि तथा पशुपालन सम्बन्धी सवालहरु |
|---|---|
| १ (पाला) | ▪ खहरेखोला क्षेत्रलाई तरकारी खेती पकेट क्षेत्र निर्धारण ।<br>▪ माटो परिक्षण गरी माटो सुधारका उपायहरु तथा वालीहरुको शिफारिस ।<br>▪ मिनी ट्रेलरको प्रयोगलाई प्रोत्साहन ।<br>▪ सहकारी सदस्यलाई सीप विकास तालिम । |
| २ (भिमापोखरा) | ▪ दपासा क्षेत्रलाई सुन्तला र तरुल उत्पादन पकेट क्षेत्र निर्धारण गर्ने ।<br>▪ पातीस्वाँरामा आलु र वाखा पालनलाई प्रवर्द्धन गर्ने ।<br>▪ जनजाति टोलमा कुखुरापालन र बाखापालन प्रवर्द्धन गर्ने ।<br>▪ कुचो उत्पादन, माहुरीपालन, तरकारी खेति, तरकारीको विउ उत्पादन र पुष्प खेतिलाई प्रवर्द्धन गर्ने ।<br>▪ बाँस निर्मित हस्तकला उत्पादनको निम्ति तालिम दिने ।<br>▪ वनमाराको प्रयोगबाट बायोब्रिकेट उत्पादन गर्न प्रोत्साहन गर्ने । |
| ३ (धम्जा) | ▪ आलु पकेट क्षेत्रको विकास (साविक वडा नं १, २ र ४ ओख्ले), आलु संकलन केन्द्रको निर्माण, चिस्यान केन्द्रको निर्माण, कृषि महोत्सव आयोजना, वेमौसमी तरकारी खेती (वन्दा, मुला, काउली, सिमी, गाँजर, तथा गोलभेडा) को प्रवर्द्धन ।<br>▪ मध्यभाग (साविक ४, ५, ६ र ९) मा चिया पकेट क्षेत्रको विकास ।<br>▪ तल्लो भेग (साविक वडा नं ७ र ८) लाई सुन्तला, कागती पकेट क्षेत्र निर्धारण ।<br>▪ कुखुरापालन, च्याउ खेती र वाखापालनको निम्ति निर्व्याजी ऋृण प्रवाह ।<br>▪ भकारो सुधार गर्न अनुदान तथा प्राविधिक सहयोग ।<br>▪ मासिक वा साप्ताहिक हाटवजार संचालन । |
| ४ (तँग्राम) | ▪ खोर सुधारको निम्ति अनुदान तथा प्राविधिक सहयोग ।<br>▪ बीउ बोका वितरण ।<br>▪ नेपियर तथा क्लोभर लगायतका उन्नत घाँसको प्रवर्द्धन ।<br>▪ साविक वडा नं १ र २ (बुर्लुङ्ग) लाई सुन्तला पकेट क्षेत्र निर्धारण ।<br>▪ अलैंची, टिमुर र सिलटिमुरको व्यवसायिक खेति प्रवर्द्धन ।<br>▪ तँग्रामे कालो सुङ्गुर पालनमा सहयोग । |
| ५ (उपल्लो विहुँ) | ▪ माटो परिक्षण सेवा संचालन ।<br>▪ माथिल्लो क्षेत्रमा अलैंची र तल्लो क्षेत्रमा सुन्तला पकेट क्षेत्र निर्धारण ।<br>▪ बाखापालन, कुखुरापालन, माहुरीपालन र च्याउखेती प्रवर्द्धन । |
| ६ (तल्लो विहुँ) | ▪ माटो परिक्षण सेवा, कृषि प्राविधिकको नियमित उपलब्धता ।<br>▪ जग्गा बैंक स्थापना गरी भूमीहिन र कम भूमी भएका घरधुरीहरुलाई वितरण गर्ने ।<br>▪ बाखा पैंचो कार्यक्रम संचालन ।<br>▪ सुन्तला सङ्कलन केन्द्रको स्थापना । |
| ७ (रेश) | ▪ तल्लो क्षेत्रमा सुन्तला खेती पकेट क्षेत्र निर्धारण ।<br>▪ माथिल्लो क्षेत्रलाई आलु पकेट क्षेत्र निर्धारण तथा सङ्कलन केन्द्रको स्थापना । |

| | |
|---|---|
| | ▪ माहुरीपालन, च्याउ खेती, कुखुरापालन र बाख्रापालन प्रवर्द्धन ।<br>▪ पशु स्वास्थ्य केन्द्रको स्थापना ।<br>▪ माटो परिक्षण सेवा ।<br>▪ स्थानीय हाट बजार सञ्चालन । |
| ८ (लेखानी) | ▪ माथिल्लो क्षेत्र (कादेश) लाई तरकारी खेती पकेट क्षेत्र निर्धारण ।<br>▪ तल्लो क्षेत्रलाई सुन्तला पकेट क्षेत्र निर्धारण, सङ्कलन केन्द्रको स्थापना ।<br>▪ सामुहिक तरकारी खेती गर्ने प्रणालीको विकास । |

धेरै प्रकारका खेतिको प्रचुर सम्भावना भएको काठेखोला गाउँपालिकामा सिंचाईको समस्या भने दिनानुदिन बढ्दो छ । विश्वव्यापी जलवायु परिवर्तनको प्रभावका अतिरिक्त स्थानीय स्तरमा निर्माण गरिएका सडक लगायतका भौतिक पूर्वाधारहरु वातावरणमैत्री नहुँदा पानीका स्रोतहरु सुक्दै गएको देखिन्छ । टोल भेला र वडा स्तरीय अन्तरक्रियामा सहभागीहरुले मुख्यतः परम्परागत कुलोहरुको मर्मत, सुधार, पानीका स्रोतहरु पहिचान गरी नयाँ कुलो निर्माण तथा बर्षातको पानी जम्मा गरी उपयोग गर्न संरक्षण पोखरीहरु बनाउनुपर्ने जस्ता विषयहरुको उठान गरेका थिए । यस क्रममा उठाइएका सिंचाई सम्बन्धी सवालहरु तालिका ८ मा दिईएको छ ।

**तालिका ८: टोल भेला र वडा स्तरीय छलफलबाट आएको सिंचाई सम्बन्धि सवाल र प्राथमिकता**

| वार्ड नं | पानीको स्रोत वा कुलोको नाम | लाभान्वित टोल तथा घरधुरी | व्यवस्थापनको सवाल |
|---|---|---|---|
| १ (पाला) | खहरे चनौटे | १०० | |
| | वडहरे | ३० | |
| | अछेते छविसे | ३० | नयाँ कुलो निर्माण र परम्परागत कुलो मर्मत सम्भार गर्नु पर्ने । |
| | सिंजाली परम्परागत कुलो | १०० | मर्मत |
| | नहफाँट | ५० | |
| | काउरे | | नयाँ स्रोत पहिचान गर्नु पर्ने । |
| २ (भिमापोखरा) | दान विसौना बाट खहरेखोला हुदैं सुदाला फाँट | | कुलो निर्माण |
| | काठेखोलाबाट लिफ्ट सिंचाई | | नयाँ योजना |
| | अधेरी खोला बाट धम्जा फाँट | | कुलो निर्माण |
| | खहरेखोला देखि भूमियाफाँट | | कुलो निर्माण |
| | गैरीसिमल, घुदीखोला हुदैं साठीमुरे | | कुलो निर्माण |
| | संरक्षण पोखरी, वर्षेपानी संकलन तथा प्रयोग | | थालनी गर्नु पर्ने । |
| ३ (धम्जा) | मजुवा बाट भिरकटेरी हुदैं चिन्नेडाडा सम्म (२.५ मि.मी.)को पाइप | २० घरधुरी | कुलो मर्मत र पाइप स्थापना |
| | सिरमुधालेबाट भिरकटेरी भेदीखलभाइडाँडा | | कुलो निर्माण तथा मर्मत |

| | | | |
|---|---|---|---|
| | प्लाष्टिक तथा संरक्षण पोखरी | ओख्ले (साविक वडा नं १, २ र ३) | संरक्षण पोखरी निर्माण |
| | ठुलो गुम्वा खोला | | स्रोत सुधार तथा मर्मत |
| | दुवारखोला, साङ्गखोला | | |
| | भुतस्वाँराबाट धम्जा | साविक वडा नं ४, ५, ६, ७, र ८ | |
| ४ (तँग्राम) | टाकीखोला कुलो विस्तार | | कुलो विस्तार तथा व्यवस्थापन |
| | चमेनेचरु उनुवाखोला | | विस्तृत योजना तयार छ सो को समिषा गरी कार्यान्वयनको पहल गर्ने । |
| | ढाकखोला बुर्लुङ्ग (३.५ कि.मी) | | सिमलपानी स्रोतको लागि छलफल गर्नु पर्ने । |
| ५ (उपल्लो विहुँ) | खोरखोला देखि स्वाँरा करलिम | | कुलो निर्माण तथा मर्मत |
| | दाद्राखोलाबाट लावाखोला हुदैं पैरा र लामखुम सम्म | | कुलो निर्माण तथा मर्मत |
| | छ्हरे देखि करलिम सम्म | | कुलो निर्माण तथा मर्मत |
| | खाल्टाखोला देखि विरौटा हुदैं तिमिलाखर्क सम्म | | अवस्था अध्ययन गरी योजना निर्धारण गर्नु पर्ने । |
| | छुची देखि गोदखोला हुदै मुलडाडाकुलो सम्म | | अवस्था अध्ययन गरी योजना निर्धारण गर्नु पर्ने |
| | कालीमाटी देखि सुनपोखरी हुदैं झ्यागीया सम्म | | अवस्था अध्ययन गरी योजना निर्धारण गर्नु पर्ने |
| | नुनखुवाउनेखोला देखि बडरपैराफाँट सम्म | | अवस्था अध्ययन गरी योजना निर्धारण गर्नु पर्ने |
| ६ (तल्लो विहुँ) | सुन्तला पकेट क्षेत्रको रुपमा विकास गर्न | | अवस्था अध्ययन गरी योजना निर्धारण गर्नु पर्ने |
| ७ (रेश) | चौताराखोलाबाट भ्याउरी साँगुखोला हुदैं दोहोता, धाउखोला, हुरखोला, नुनथला र दशमुरे | | अवस्था अध्ययन गरी योजना निर्धारण गर्नु पर्ने |
| | साँघुखोलाबाट दामगाडे, थापेखोला र नैतीडाँडा | | अवस्था अध्ययन गरी योजना निर्धारण गर्नु पर्ने |
| | साविक वडा नं ९ सुन्तला पकेट क्षेत्रको रुपमा विकास गर्न | | अवस्था अध्ययन गरी योजना निर्धारण गर्नु पर्ने |
| | भिरमुनीविसौला, साँघुखोला, मरुवा थापखोला, डिहीककेनी उत्तर | | अवस्था अध्ययन गरी योजना निर्धारण गर्नु पर्ने |
| | रेताखोला देउराली | | अवस्था अध्ययन गरी योजना निर्धारण गर्नु पर्ने |
| ८ (लेखानी) | करेतखोला देखि डाडागाउ | साविक १, ३, ४, ५, र ६ वडाका वासिन्दा | नहर निर्माण तथा मर्मात |
| | अधेरीखोला | साविक १, २, ३, ४, ५, र ६ वडाका वासिन्दा | स्रोत संरक्षण तथा कुलो सुधार गर्नु पर्ने |

| | | | |
|---|---|---|---|
| | डाङ्गेखोला | | स्रोत संरक्षण तथा कुलो सुधार गर्नु पर्ने |
| | ठुलो लिले तल्लो भेग कादेश | | स्रोत संरक्षण तथा कुलो सुधार गर्नु पर्ने |

### *३.१.२ विकासका सूचक तथा लक्ष्यहरु*

कृषि तथा पशुपालन क्षेत्रको विकाससँग सम्बन्धित सूचकहरु तथा प्रत्येक सूचकको परिमाणात्मक लक्ष्य तालिका ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ९: कृषि क्षेत्रका लागि विकासका सूचक तथा लक्ष्यहरु**

| क्र.सं. | विकासका सुचकहरु | हालको अवस्था | अधिकतम आशातित अवस्था | गुरुयोजनाको लक्ष्य (वि.सं. २१००) | आ.व. २०७९।८० सम्मको लक्ष्य | योगदान गरिने दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | सिंचित क्षेत्रफल (प्रतिशत) | थाहा नभएको | ९० | ८० | ५० | २.१, ६.४ |
| २ | तरकारी वालीको उत्पादकत्व (मे. टन प्रति हेक्टर) | १६.४ | ३० | २५ | १८ | २.१, २ं.२ |
| ३ | सुन्तलाको उत्पादकत्व (मे. टन प्रति हेक्टर) | ९ | १६ | १२ | १० | २.४, २.३ |
| ४ | आलु वालीको उत्पादकत्व (मे. टन प्रति हेक्टर) | ११.७३ | ३० | २४ | १५ | २.२ |
| ५ | व्यवसायिक कृषि उत्पादनमा संलग्न घरधुरी (प्रतिशत) | थाहा नभएको | ५० | ५० | ३० | १.१, २.३ |
| ६ | पूर्णतया प्रांगरिक खेतिले ढाकेको क्षेत्र (प्रतिशत) | थाहा नभएको | १०० | ९० | ५ | २.४ |
| ७ | सुधारिएको गोठ, भकारो भएको घरधुरी (प्रतिशत) | थाहा नभएको | १०० | ८० | ३० | २.३ |
| ८ | साप्ताहिक हाटबजार ( स्थान) | थाहा नभएको | १० | ८ | २ | १.१, २.३, ५.४, ५.५, ५(क), १०.२, १६.२ |
| ९ | वहुउपयोगी संरक्षण पोखरी (संख्या) | थाहा नभएको | १६० | १६० | ८ (थप) | २.२, २.३ |
| १० | घरबगैंचा भएका घरधुरी ( संख्या) | थाहा नभएको | ५,६९८ | ५५०० | ३०० (थप) | २.३, १५.१ |

### *३.१.३ नीति तथा कार्यक्रमहरु*

कृषि तथा पशुपन्छीपालन व्यवसायमा आधुनिक प्रविधीहरुको अवलम्वन, परम्परागत ज्ञान सिप र स्रोतहरुको संरक्षण, कृषि जैविक विविधताको संरक्षण, संवर्धन र उपयोग गरी विभिन्न सरोकारवाला निकायहरुको समन्वय र सहकार्यमा यस पेशालाई रोजगारमुलक, सम्मानित, आकर्षक, नाफामुलक र निर्यातमुखी पेशाको रुपमा विकास गरी पालिका क्षेत्रमा खाद्य सुरक्षाको सुनिश्चितता गर्नुको साथै जनताको आयस्तरमा वृध्दी गरी जिवनस्तरमा सुधार गर्ने उदेश्य अनुरुप निम्न नीति तथा कार्यक्रमहरु अवलम्वन गरिने छ ।

(क) अधिकांश कृषकहरुसँग थोरै कृषियोग्य जमीन रहेको र त्यही जमीन पनि धैरै स्थानमा छरिएर रहेकोले व्यावसायिक कृषि तथा पशुपालन गर्न समस्या रहेको छ । तसर्थ स्वयम्सेवी (आपसी साटफेर गर्न सहजीकरण गर्ने), कानूनी तथा आर्थिक उपायहरुको अवलम्वन गर्दै सकेसम्म एक जना कृषकको जमीन एकै ठाउंमा हुने गरी कृषियोग्य जमीनको चक्लावन्दी गर्ने नीति अख्तियार गरिने छ ।

(ख) व्यवसायिक कृषि वन, फलफूल खेति, तरकारी खेति र पशुपन्छीपालनलाई प्रवर्द्धन गरिने छ । यसको निम्ति मुख्यतः वैदेशिक रोजगारीको अवसर मुल्यको आधारमा व्यवसायिक योजना निर्माण गर्न कृषकहरुलाई सहजीकरण गरिने छ । साथै उक्त योजना कार्यान्वयन गर्न निर्देशिका बनाई अनुदान उपलब्ध गराउने र सहुलियतपूर्ण ऋृण प्राप्त गर्न कृषकहरुलाई सहजीकरण गरिने छ । यस कार्यमा युवा उद्यमीहरुलाई विशेष प्रोत्साहन गरिने छ । विभिन्न फलफूल तथा तरकारीको व्यवसायिक खेतिको सम्भाव्यता नक्शा अनुसूची ११ मा दिइएको छ ।

(ग) कृषि तथा पशुपन्छी विमा र वाली सुरक्षणको माध्यमवाट कृषि व्यवसायको जोखिम न्युनिकरण गरिने छ । निश्चित मापदण्ड र कार्यविधि बनाई विमामा अनुदानको व्यवस्था गरिने छ ।

(घ) कृषकहरुलाई मौसम सम्बन्धी पूर्व सूचना प्रवाह गर्न एक मौसम सूचना केन्द्रको स्थापना गरिने छ ।

(ङ) कृषि तथा पशुपन्छी पालनको क्षेत्रमा उत्पादकत्व वृद्धि, उत्पादन लागत न्युनिकरण र गुणस्तरीय उत्पादनको सुनिश्चितता गर्न उपयुक्त आधुनिक तथा परम्परागत प्रविधिहरुको

प्रचारप्रसार गरिने छ । यसको निम्ति स्थानीय कृषकहरुले बुझ्ने किसिमका कृषि पात्रो एवं पोष्टरहरुको तयारी र वितरण, स्थलगत तालिम तथा अवलोकन भ्रमणको प्रवन्ध गरिने छ ।

(च) प्रांगरिक खेति प्रणाली र रैथाने प्रजातिका तरकारी तथा फलफूल वाली एवं पशुपन्छीहरुको उत्पादनलाई प्रोत्साहन गरिने छ । यसको निम्ति कार्यविधि बनाई अनुदानको व्यवस्था गरिने छ ।

(छ) कृषि अनुगमन र अभिलेखिकरण प्रणालीलाई व्यवस्थित गरिने छ । एक कार्यविधि बनाई हरेक बर्ष राष्ट्यि धान दिवस (असार १५) को अवसरमा बर्ष कृषकहरु (तरकारी उत्पादक कृषक, फलफूल उत्पादक कृषक र पशुपालक कृषक) छनौट गरी पुरस्कार प्रदान गरिने छ ।

(ज) बजारमा सबै कृषकहरुको पँहुच पुर्‍याउन कृषि सहकारी, अगुवा व्यवसायिक कृषक वा कृषि उपज व्यापारीद्धारा संचालन गर्ने गरी हरेक गाउँमा एक कृषि उपज संकलन केन्द्रको स्थापना गरिने छ ।

(झ) जलवायु परिवर्तनको दिर्घकालिन प्रभावलाई मध्यनजर गर्दै पानीको वहुउपयोग तथा पानी किफायती सिंचाई प्रविधिको प्रवर्द्धन गरिने छ । साथै काठेखोला जलाधारको माथिल्लो तटीय क्षेत्रमा व्यापक रुपमा वहुउपयोगी संरक्षण पोखरीहरुको निर्माण गरिने छ ।

(ञ) सिंचाइका नयाँ तथा मर्मत गर्नुपर्ने आयोजनाहरुको विस्तृत परियोजना प्रस्ताव तयार गरी कमशः कार्यान्वयन गरिने छ । परम्परागत सिंचाइ कुलोहरुलाई प्रवर्द्धन गर्दै मर्मत सम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता समुहलाई दिइने छ ।

(ट) कृषि उपजहरुको प्रशोधन र सुरक्षित भण्डारण गरी मुल्य अभिवृद्धि गर्न सोलार ड्रायर, शित भण्डार लगायतका आवश्यक पूर्वाधारहरुको प्रवन्ध गरिने छ ।

(ठ) महिला, दलित र विपन्न वर्गलाई लक्षित गरी कृषि तथा पशुपालनसँग सम्बन्धित विशेष आय आर्जन कार्यकम संचालन गरिने छ ।

## ३.२ वन

### *३.२.१ वर्तमान अवस्थाको विश्लेषण*

काठेखोला गाउँपालिकाको जम्मा ८,२९५ हेक्टर क्षेत्रफलमध्ये ४,५२९ हेक्टर (५४.६ प्रतिशत) वन क्षेत्रले ओगटेको छ । डिभिजन वन कार्यालयको आंकडा अनुसार काठेखोलामा ५१ वटा सामुदाायिक वनहरु छन् जसले २,४२९ हेक्टर क्षेत्रफल ओगटेको छ । यहाँ ३ वटा निजी वन (

२.४४ हेक्टर) दर्ता भएका छन्, यद्यपि विभिन्न वन पैदावर आपूर्ति गर्न दर्ता नभएका निजी वन ( मुख्यतः कृषि क्षेत्र तथा अन्य निजी जग्गामा रहेका रुखहरु) को भूमिका उल्लेख्य छ ।

औसतमा करिव ५४ प्रतिशत घरधुरीले सामुदायिक वन र निजी वन वा जग्गाबाट दाउरा संकलन गर्दछन् भने १३ प्रतिशत घरधुरीले सरकारद्धारा व्यवस्थित वन वा सार्वजनिक क्षेत्रबाट संकलन गर्दछन् । धेरैजसो घरधुरी (करिव ४० प्रतिशत) ले डालेघांस निजीवन वा निजी जग्गाबाट संकलन गर्ने गर्दछन् भने करिव ११ प्रतिशत घरधुरीले सरकारद्धारा व्यवस्थित बनबाट संकलन गर्दछन् । सामुदायिक वनबाट करिव ३३ प्रतिशत घरधुरीले डालेघाँस संकलन गर्दछन् ।

यस गाउँपालिकाको मुख्य वन क्षेत्र काठेखोला जलाधारको माथिल्लो तटीय क्षेत्रमा भिरालो जमिनमा अवस्थित छ । तसर्थ यी वनहरु काष्ठजन्य वन पैदावरको उत्पादनको दृष्टिकोणले धेरै उत्पादनशील छैनन् । तर गैरकाष्ठ वन पैदावरको उत्पादन एवं पर्यापर्यटन प्रवर्द्धन गरी अर्थोपार्जन गर्न सकिने प्रशस्त सम्भावना छ । अहिले नै वडा नं. ८ को उपरथरमा नेपाली कागज उत्पादन गर्ने उद्योग सञ्चालनमा रहेको छ । यसै गरी श्रमशक्तिको पलायनको कारण कृषि भूमिको अधिकतम उपयोग नभइरहेको सन्दर्भमा कृषि वन तथा निजी वनको प्रवर्द्धन गर्नु आवश्यक छ ।

### *३.२.२ विकासका सूचक तथा लक्ष्यहरु*

वन क्षेत्रको विकासका सूचक एवं त्यसका परिमाणात्मक लक्ष्यहरु तालिका १० मा प्रस्तुत गरिएको छ ।

**तालिका १० : वन क्षेत्रको विकासका सूचक तथा लक्ष्यहरु**

| क्र.सं. | विकासका सुचकहरु | हालको अवस्था | अधिकतम आशातित अवस्था | गुरुयोजनाको लक्ष्य (वि.सं. २१००) | आ.व. २०७९।८० सम्मको लक्ष्य | योगदान गरिने दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक वन हस्तान्तरण तथा व्यवस्थापन | ५४ प्रतिशत | ९० | ९० | ६० | १२.१, १२.२, १३.१, १३.२, १५.१, १५.४, १५.५, १५.६, १५.७, १५.९ |
| २ | कबुलियती वन | ० | ५ | ५ | २ | १५.२, १३.१ |
| ३ | सामुदायिक वनभित्र कबुलियती वन | ० | १० | १० | २ | १५.२, १३.१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | व्यवस्थित कृषिवन प्लट | NA | २० | २० | २ | १५.३ |
| ५ | नीजि वन - दर्ता भएको) | ०.०८ प्रतिशत | ५ | ५ | १ | १५.२ |
| ६ | वनमा आधारित उद्योग | १ | १० | १० | ३ | ९.३, १५.६ |
| ७ | स्थानीय माग अनुसारको काठको आपुर्ति ( प्रतिशत) | | १०० | १०० | ८० | ९.१, ९.२ |
| ८ | मनोरन्जन पार्क | नभएको | ३ | ३ | १ | ११.७ |

### *३.२.३ नीति तथा कार्यक्रमहरु*

**(क)** डिभिजन तथा सवडिभिजन वन कार्यालयसँगको समन्वयमा सरकारद्धारा व्यवस्थित वनक्षेत्र क्रमशः सामुदायिक वनको रुपमा हस्तान्तरण गर्दै जमिनको भिरालोपन तथा वनमा रहेका प्रजाति लगायतका भौतिक अवयवहरुको आधारमा काष्ठ, गैरकाष्ठ वन पैदावर तथा पर्यापर्यटनमा आधारित दिगो वन व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयन गरिने छ ।

(ख) सरकारद्धारा व्यवस्थित वन तथा सामुदायिक वन क्षेत्रको केही भूभाग मुख्यतः विपन्न र जमिन कम भएका घरधुरीहरुबाट संरक्षण, व्यवस्थापन र सदुपयोग गर्ने गरी कवुलियती वनको रुपमा व्यवस्थापन गर्ने प्रबन्ध गरिने छ । यस्ता कवुलियती वनमा फलफूल, डालेघाँस तथा गैरकाष्ठ वन पैदावर सहितको कृषिवन प्रणाली अवलम्वन गर्न कवुलियती वन समुहहरुलाई अनुदान तथा प्राविधिक सहयोग प्रदान गरिने छ ।

(ग) निजी जग्गामा कृषिवन प्रणाली तथा निजी वनको प्रबर्द्धन गर्न प्राविधिक सहजीकरण तथा अनुदानको व्यवस्था गरिने छ ।

(घ) काष्ठजन्य तथा गैरकाष्ठजन्य वन पैदावरमा आधारित उद्योग संचालनमा निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ ।

## ३.३ शिक्षा तथा खेलकुद

### *३.३.१ वर्तमान अवस्थाको विश्लेषण*

काठेखोला गाउँपालिकामा जम्मा १०९ शैक्षिक संस्थाहरु छन्, जस मध्ये ५६ सामुदायिक विद्यालय, ५ संस्थागत विद्यालय, ४ सामुदायिक सिकाइ केन्द्र, ४२ बाल विकास केन्द्र र २ क्याम्पस छन् । सामुदायिक तर्फ हाल २ माध्यमिक विद्यालय (१-१०), ८ माध्यमिक विद्यालय (१-१२), १४ आधारभुत विद्यालय, ३२ प्राथमिक विद्यालय छन् भने उच्च शिक्षाका लागि २ वटा स्नातक (वार्ड नं ५ र ६ मा एक एक वटा शिक्षा र व्यवस्थापन संकाय) तहसम्मको क्याम्पस रहेका छन् (तालिका ११) । विद्यालय तथा क्याम्पसहरुको अवस्थिति नक्शा अनुसूची १२ मा संलग्न छ ।

**तालिका ११ : शैक्षिक संस्थाहरुको विवरण**

| क्र.सं. | विद्यालयको विवरण | तह | संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | प्राथमिक १ देखि ३ सम्म | १२ |
| २ | सामुदायिक विद्यालय | प्राथमिक १ देखि ५ सम्म | २० |
| ३ | आधारभुत विद्यालय | १ देखि  ८ सम्म | १४ |
| ४ | माध्यमिक विद्यालय | १ कक्षा १० सम्म | २ |
| ५ | उच्च माध्यमिक विद्यालय | १ कक्षा १२ सम्म | ८ |
| | | **जम्मा सामुदायिक विद्यालय** | **५६** |
| ६ | संस्थागत विद्यालय | ४ प्रा. वि. र १ मा.वि. | ५ |
| ७ | सामुदायिक सिकाइ केन्द्र | वार्ड नं १, २, ६ र ७ मा १, १ वटा | ४ |
| ८ | वाल विकास केन्द्र | | ४२ |
| ९ | क्याम्पस | स्नातक तह (वार्ड नं ५ र ६ मा शिक्षा संकाय र व्यवस्थापन संकाय) | २ |
| | | **कुल शैक्षिक संस्था** | **१०९** |

स्रोतः शिक्षा स्रोत केन्द्र, काठेखोला गाउँपालिका, शैक्षिक वर्ष २०७५

गाउँपालिकामा रहेका विभिन्न शैक्षिक संस्थाहरुमा जम्मा ६,७८३ विद्यार्थीहरु अध्ययन गरिरहेका छन् । जस मध्ये ५०.८६ प्रतिशत (३,४५० जना) छात्रा र ४९.१४ प्रतिशत (३,३३३) छात्र रहेका छन् । जम्मा संख्याको करिव २१.५० प्रतिशत दलित विद्यार्थी रहेका छन् ( तालिका १२) । निजी विद्यालयहरुमा अविभावकहरुको आकर्षण बढि रहेको देखिन्छ ।

**तालिका १२: विद्यालयहरुमा विद्यार्थी संख्या**

| क्रसं | कक्षा वा तह | संख्या (दलित, गैरदलित) | | | संख्या (महिला, पुरुष) | | |
|---|---|---|---|---|---|---|---|
| | | दलित | अन्य | जम्मा | महिला | पुरुष | जम्मा |
| **सामुदायिक विद्यालय** | | | | | | | |
| २ | १ देखि ५ | ७२४ (छात्रा ३४२ र छात्र ३८२) | १,८५७ | २,५८१ | १,२१७ | १,३६३ | २,५८१ |
| ३ | ६ देखि ८ | ४५३ (छात्रा २४९, छात्र २०४) | १,०७३ | १,५२६ | ७७४ | ७७२ | १,५२६ |
| ४ | ९ देखि १० | २५० (छात्रा १३६, छात्र ११४) | ८२१ | १,०७१ | ५९१ | ४८० | १,०७१ |
| ५ | ११ देखि १२ | तथ्याङ्क उपलब्ध नभएको | | ७०३ | ४०२ | ३०१ | ७०३ |
| सामुदायिक जम्मा | | पूर्ण तथ्याङ्क उपलब्ध नभएको | | ५,८८१ | २,९८४ | २,८९७ | ५,८८१ |
| **संस्थागत विद्यालय** | | | | | | | |
| ६ | १ देखि ८ | २८ (छात्रा १०, छात्र १८) | ३५९ | ३८७ | १८३ | २०४ | ३८७ |
| ७ | ९ देखि १० | ३ (छात्रा १, छात्र २) | २४ | २७ | ९ | १८ | २७ |
| संस्थागत जम्मा | | ३१ (छात्रा ११, छात्र २०) | ३८३ | ४१४ | १९२ | २२२ | ४१४ |
| ८ | वाल विकास केन्द्र | तथ्याङ्क उपलब्ध नभएको | | ४८८ | २७४ | २१४ | ४८८ |
| **कुल जम्मा** | | **तथ्याङ्क उपलब्ध नभएको** | | **६,७८३** | **३,४५०** | **३,३३३** | **६,७८३** |

स्रोत केन्द्रका अनुसार शिक्षक विद्यार्थीको अनुपात प्रा.वि. तहमा ११.९८, नि.मा.वि. तहमा २४.३१, मा.वि. (कक्षा ९ देखि १० सम्म) मा २२.८६ र मा. वि. (कक्षा ११ र १२) मा २४.२४ रहेको छ। राष्ट्रिय निर्धारित मापदण्ड भन्दा यो अनुपात कम देखिन्छ।

घरधुरी सर्वेक्षणको तथ्याङ्क विश्लेषण गर्दा ४ वर्ष भन्दा माथिका कूल जनसंख्याको १३.७ प्रतिशत निरक्षर र ८६.३ प्रतिशत साक्षर रहेका छन् । साक्षर जनसंख्यामध्ये बढिमा पाँच कक्षासम्म पढेका २०.७ प्रतिशत, प्राथमिक शिक्षा उतिर्ण (कक्षा ५ देखि ९ सम्म उतिर्ण गरेका) २४.४ प्रतिशत, माध्यामिक उतिर्ण (एस.इ.इ. देखि बढिमा कक्षा १२ उतिर्ण) ३५.२ प्रतिशत र स्नातक वा सो भन्दा माथिल्लो तह उतिर्ण गरेका करिव ६ प्रतिशत रहेका छन् । विविध कारणहरुले गर्दा उच्च शिक्षा हासिल गर्ने विद्यार्थीको संख्या घट्दै गएको छ। करिव ४० प्रतिशत जनसंख्याले विवाहका कारणले पढाई बीचमा छाडेको वताएका छन् । यसैगरी ३०.२ प्रतिशतले जागिर शुरु गरेकाले, २४.३ प्रतिशतले आर्थिक समस्याले, ४.७ प्रतिशतले भाइवहिनी हेरचाह गर्नुपर्ने भएकोले तथा १ प्रतिशतले अन्य कारणले पढाई बीचमा छाडेको पाइन्छ।

यसैगरी पढेर छाडेका वा पढिरहेकामध्ये ७९.२ प्रतिशतले सरकारी विद्यालयबाट र वाँकी २०.८ प्रतिशतले निजी विद्यालयबाट शिक्षा हासिल गरेका वा गर्दै रहेका छन् । यस्तै ७६.२

प्रतिशतले स्थानीय सामुदायिक विद्यालयबाट, १५.५ प्रतिशतले जिल्ला सदरमुकामबाट र ८.३ प्रतिशतले जिल्ला वाहिरको विद्यालय तथा क्याम्पसबाट शिक्षा हासिल गरे र गरी रहेका छन् ।

गाउँपालिकाका विभिन्न टोलहरुमा गरिएको टोलस्तरीय छलफल तथा वडास्तरीय छलफलबाट आएका शिक्षा क्षेत्र सम्बन्धी सवालहरु तथा विकासका आवश्यकताहरु तालिका १३ मा प्रस्तुत गरिएको छ ।

**तालिका १३: शिक्षा सम्बन्धी प्राथमिकताप्राप्त विकास आवश्यकताहरु**

| वार्ड नं. | आवश्यकता वा सुझावहरु |
|---|---|
| १ (पाला) | ▪ सरस्वती प्रा.वि. मा खानेपानीको व्यवस्थापन ।<br>▪ ई हाजिरीको व्यवस्था ।<br>▪ खानेपानी शद्धिकरणको लागि उपकरणको व्यवस्था ।<br>▪ स्मार्ट अध्ययन अध्यापन, इन्टरनेटको व्यवस्था ।<br>▪ शिक्षकहरुको कार्य क्षमता तथा दक्षता मुल्यांकन गरी उपयुक्त स्थानमा सरुवा बढुवाको व्यवस्था । |
| २ (भिमापोखरा) | ▪ शिक्षक र विद्याथी संख्याको अनुपात समिक्षा तथा परिमार्जन ।<br>▪ व्यवसायिक कक्षा (जे. टि.ए., भेटनरी, सवओभरसियर, अमिन) सञ्चालन ।<br>▪ राष्ट्रिय विदाको समिक्षा गर्दै स्थानीय स्तरमा उपयुक्त हुने गरी विदाका दिनहरु परिमार्जन गर्ने । |
| ३ (धम्जा) | ▪ जनता मा.वि. मा शिक्षकको दरवन्दी मिलान गर्नुपर्ने ।<br>▪ जनज्योति प्रा.वि. जस्तै अद्धित्तिय विद्यालय स्थापना गर्ने ।<br>▪ दिउसोको खाजा नास्ताको व्यवस्थापन ।<br>▪ जेहेन्दार विद्यार्थीको लागि छात्रवृत्ति, होस्टेलको व्यवस्था ।<br>▪ विद्यमान विद्यालयमा शिक्षक र विद्यार्थीहरुको संख्या समिक्षा गरी विद्यालय मर्जीङ्गको अवधारणा लागु गर्ने ।<br>▪ उत्कृष्ट शिक्षक र विद्यालयलाई पुरस्कारको व्यवस्था गर्ने ।<br>▪ अविभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने ।<br>▪ व्यवसायिक कक्षा सञ्चालन गर्ने । |
| ४ (तँग्राम) | ▪ विद्यालय पुर्वाधारको विकासः शौचालय, शुद्ध खानेपानी, फर्निचर ।<br>▪ इ.सि.डी. र कक्षा १ बीचमा पुलिङ्ग कक्षा सञ्चालन गर्ने ।<br>▪ कक्षा १ देखि ५ सम्मका विद्यार्थिको लागि पुस्तकालयको व्यवस्था ।<br>▪ कक्षा ८ देखि १२ सम्मका विद्यार्थीको लागि कम्प्युटर कक्षा सञ्चालन ।<br>▪ व्यवसायिक, प्राविधिक कक्षा सञ्चालन ।<br>▪ शिक्षकको दरवन्दी समिक्षा गर्ने ।<br>▪ विद्यालय सुधार योजना तयार गरी कार्यान्वयन गर्ने ।<br>▪ विकल्प सहित शिक्षक र विद्यार्थीहरुको संख्याको आधारमा विद्यालय मर्ज गर्ने ।<br>▪ अभिभावक सचेतना कक्षा सञ्चालन गर्ने ।<br>▪ युनिफर्म, पुस्तक समयमा नै उपलब्ध गराउने, बुर्लुङ्ग विद्यालयमा काडेतार र खानेपानीको व्यवस्था गर्ने ।<br>▪ ई.सि.डी. कक्षाका विद्यार्थीका लागि खाजाको व्यवस्था । |

| | |
|---|---|
| ५ (उपल्लो विहुँ) | ▪ शिक्षकको तलब समयमा नै व्यवस्थापन गर्ने ।<br>▪ पाठ्यपुस्तक समयमा नै उपलब्ध गराउने ।<br>▪ ई.सि.डी. र कक्षा १ बीचमा १ जना शिक्षकको दरबन्दी व्यवस्था गर्ने ।<br>▪ विद्यालय व्यवस्थापन समितीले नियमित अनुगमन गर्ने ।<br>▪ शिक्षकलाई पुरस्कार र सजायको व्यवस्था गर्ने ।<br>▪ अविभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने । |
| ६ (तल्लो विहुँ) | ▪ जन्म दर घट्दै गई विद्यार्थी संख्या पनि घट्दै गएकोले विद्यमान शिक्षक विद्यार्थीको संख्या अनुपात समिक्षा गर्नु पर्ने ।<br>▪ विकल्प सहित विद्यालय मर्ज गर्ने । |
| ७ (रेश) | ▪ विद्यालयको भौतिक पूर्वाधार (जस्तै पर्खाल, शौचालय) केटी तथा अपाङ्गमैत्री बनाउने ।<br>▪ शिक्षा नीतिको समिक्षा गर्नु पर्ने (कक्षा १ भर्नाका लागि ५ वर्ष हुनु पर्ने व्यवहारिक छैन) ।<br>▪ प्राविधिक सुविधा (इन्टरनेट, कम्प्युटर कक्षा, विज्ञान प्रयोगशाला) ।<br>▪ सामुदायिक पुस्तकालयको व्यवस्था ।<br>▪ अभिभावक सचेतना कार्यक्रम संचालन ।<br>▪ विद्यालय मर्ज गर्ने ।<br>▪ होस्टेलको व्यवस्था गर्ने ।<br>▪ अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्ने ।<br>▪ गरीब तथा जेहेन्दार विद्यार्थीको लागि घुम्ती तथा अक्षय कोषबाट छात्रवृत्तिको व्यवस्था गर्ने ।<br>▪ खाजा र क्यान्टिनको व्यवस्था गर्ने । |
| ८ (लेखानी) | ▪ सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्ने ।<br>▪ ई.सि.डी. र कक्षा १ बीचमा एउटा कक्षा थप गर्ने ।<br>▪ प्राविधिक, व्यवसायिक शिक्षा सञ्चालन गर्ने ।<br>▪ शिक्षक दरबन्दी पदपूर्ति गर्ने ।<br>▪ विद्यार्थीको लागि वसको व्यवस्था गरी विद्यालय मर्ज गर्ने ।<br>▪ सरकारी कर्मचारी र निर्वाचित जनप्रतिनिधिहरुको वच्चा सामुदायिक विद्यालयमा पढाउनु पर्ने व्यवस्था गर्ने ।<br>▪ अक्षय कोष स्थापना गरी गरीब तथा जेहेन्दार विद्यार्थीहरुको लागि छात्रवृत्तिको व्यवस्था गर्ने ।<br>▪ विद्यालयको नियमित अनुगमन गर्ने ।<br>▪ विद्यालय निरिक्षकहरुको संख्या यथेष्ट हुनु पर्ने । |

### *३.३.२ विकासका सूचक तथा लक्ष्यहरु*

शिक्षा तथा खेलकुद क्षेत्रको विकाससँग सम्बन्धित सूचकहरु तथा प्रत्येक सूचकको परिमाणात्मक लक्ष्य तालिका १४ मा प्रस्तुत गरिएको छ ।

**तालिका १४: शिक्षा तथा खेलकुद क्षेत्रका विकासका सूचक र लक्ष्यहरु**

| क्र.सं. | विकासका सुचकहरु | हालको अवस्था | अधिकतम आशातित अवस्था | गुरुयोजनाको लक्ष्य (वि.सं. २१००) | आ.व. २०७९।८० सम्मको लक्ष्य | योगदान गरिने दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक विद्यालय | १ (सव इन्जिनियर) | ५ | ५ | २ | ४.१, ४.४ |
| २ | सरकारी विद्यालयमा भर्ना प्रतिशत | ७९.२० | १०० | ९० | ८५ | ४.१ र ४.२ |
| ३ | नीजि विद्यालयमा भर्ना प्रतिशत | २०.८० | ० | १० | १५ | ४.३ |
| ४ | स्थानीय विद्यालयमा पढ्ने प्रतिशत | ७६.२० | १०० | ९० | ८० | ४.३ |
| ५ | **विद्यालय छाड्ने कारण (प्रतिशत)** | | | | | ४.५ र ४.६ |
| | विवाहका कारण | ४० | ० | ५ | ३० | ४.६, ५.३, ५ (क) |
| | आर्थिक समस्या | २४.३ | ० | ५ | १५ | ४.३ |
| | जागिर शुरु गरेकाले | ३०.२ | ० | ५ | २५ | |
| | भाइवहिनीको हेरचाह तथा परिवारलाई सहयोग गर्न | ४.७ | ० | ० | २ | ४.६, ५.२ |
| ६ | लैङ्गिकमैत्री भौतिक पूर्वाधार भएका विद्यालय (प्रतिशत) | | १०० | १०० | ५० | १.३, १(क), ४(क), ९.१ |
| ७ | विद्यालयको गुणस्तर: कक्षा ८, SEE र १२ का परिक्षामा उतिर्ण विद्यार्थिहरुको प्रतिशत | | १०० | १०० | ८० | ४(ग) |
| ८ | उपयुक्त र सुरक्षित खेलकुद मैदान भएका विद्यालय (प्रतिशत) | | १०० | १०० | ५० | |
| ९ | विद्यार्थिको उमेर अनुसारका खेलकुद सामाग्री प्रयाप्त रहेका विद्यालय (प्रतिशत) | | १०० | १०० | १०० | |

### ***३.३.३ नीति तथा कार्यक्रम***

(क) जनसंख्या, वस्तीको अवस्थिति, विद्यालयहरुबीचको भौगोलिक दुरी तथा बाटोघाटोको अवस्था, विद्यमान विद्यार्थी संख्या र भावी दिनमा हुन सक्ने विद्यार्थि संख्या समेतको आंकलनको आधारमा सामुदायिक विद्यालयहरुको अवस्थिति पुनरावलोकन गरी विद्यालय गाभ्ने (मर्जिङ) वा विस्तार गर्ने तथा कक्षा वा तह वृद्धि गर्ने वा कम गर्ने व्यवस्था गरिने छ ।

(ख) विद्यालयहरुको तह अनुसारको मापदण्ड बमोजिमका विषय शिक्षक तथा भौतिक पूर्वाधारहरु (भवन, खेल मैदान, प्रयोगशाला, पुस्तकालय आदि) को प्रवन्ध गरिने छ ।

(ग) विद्यालयहरुको नियमित सुपरिवेक्षण र अनुगमन गर्ने प्रणालीको विकास गरी गुणस्तर सुचकांकको आधारमा हरेक बर्ष उत्कृष्ट बर्ष प्रधानाध्यापक र उत्कृष्ट बर्ष शिक्षक छनौट गरी पुरस्कृत गरिने छ ।

(घ) विद्यालयका प्रधानाध्यापकहरुलाई प्रदेशका उत्कृष्ट विद्यालयहरुको अवलोकन तथा अध्ययन भ्रमण गर्ने तथा शिक्षक, शिक्षिकाहरुको अध्यापन शैलीमा सुधार ल्याउन कार्यस्थलमै तालिम प्रदान गर्ने व्यवस्था गरिने छ ।

(ङ) जेहेन्दार तथा निम्न आय भएका विद्यार्थिहरुलाई छात्रवृत्तिको व्यवस्था गरिने छ ।

(च) सामुदायिक विद्यालयप्रतिको आकर्षण बढाउन प्राथमिक तहदेखि नै अंग्रेजी माध्यममा अध्यापन गराउने व्यवस्था लागु गरिने छ । साथै शिक्षक, शिक्षिकाहरुलाई आवश्यक तालिमको समेत व्यवस्था गरिने छ ।

(छ) विद्यमान शिक्षक, शिक्षिका भर्ना गर्ने प्रक्रियाको समिक्षा गरी खुला प्रतिस्पर्धात्मक विधिद्वारा योग्यतम शिक्षक छनोट गर्ने प्रक्रिया अवलम्वन गर्न कानूनी व्यवस्था गरिने छ ।

(ज) शिक्षक तथा विद्यार्थीको अनुपात सम्बन्धी राष्ट्रिय नीतिको समिक्षा गरी एक शिक्षक वरावर ३० विद्यार्थीको अनुपात कायम गरिने छ ।

(झ) आवश्यकता अनुसार प्रारम्भिक वाल शिक्षा केन्द्र साथै चार देखि पाँच बर्षको उमेर समुहका बालबालिकाहरुको निम्ति पूर्व प्राथमिक कक्षा संचालन गरिने छ ।

(ञ) स्रोत केन्द्र तथा विद्यालय व्यवस्थापन समितिको अधिकार र जिम्मेवारीको समिक्षा गरी आवश्यक परिमार्जन गरिने छ ।

(ट) विद्यालय व्यवस्थापन तथा गुणस्तर सुधारमा प्रधानाध्यापकको भूमिका अभिवृद्धि गरिने छ साथै नतिजामा आधारित थप सुविधा (Result-based incentive) को व्यवस्था गरिने छ ।

(ठ) विद्यालयहरुमा शिक्षक दरवन्दी मिलान गरिने छ । साथै दरवन्दी कम भएका विद्यालयहरुलाई प्रोत्साहन अनुदान दिने नीति कार्यान्वयन गरिने छ ।

(ड) माध्यामिक तहको पाठ्यक्रममा जलवायु परिवर्तन र स्थानीय संस्कृति सम्बन्धी विषयहरु समावेश गरिने छ ।

(ढ) विद्यालयहरुमा कृषि, पशु स्वास्थ्य, सब इन्जिनीयर, अमिन, कारपेन्टी लगायतका प्राविधिक शिक्षा अध्यापन गराई प्राविधिक जनशक्ति उत्पादन गरिने छ ।

(ण) सबै विद्यालयहरुमा एक सुरक्षित खेल मैदानको निर्माण गरिनुका साथै विद्यार्थिको उमेर अनुसारका खेलकुद सामाग्रीहरु खरिद गरी वितरण गरिने छ । यस्ता खेल मैदान तथा खेलकुद सामाग्रीहरु विद्यालय समयबाहिर गाउँका युवाहरुले प्रयोग गर्न सक्ने गरी व्यवस्थापन गरिने छ ।

## ३.४ पर्यटन तथा संस्कृति प्रवर्द्धन

### *३.४.१ वर्तमान अवस्थाको विश्लेषण*

वाग्लुङ्ग नगरपालिकासँग जोडिएको र राम्रो सडक संजाल भएको काठेखोला गाउँपालिका स्थानीय पर्यटनको हिसावले राम्रो सम्भावना भएको क्षेत्र हो । तैपनि केहि गाउँहरुमा भर्खरैमात्र होम स्टे संचालन गर्न थालिएको बाहेक पर्यटनको विकासमा उल्लेख्य कार्य हुन सकेको छैन । पदयात्रा गर्दै सुन्दर हिमश्रृंखलाको दृश्यावलोकन गर्न सकिने टाकुराहरु, केही धार्मिक स्थलहरु र स्थानीय संस्कृति नै यस क्षेत्रका पर्यटनका मुख्य आधारहरु हुन् । यस्तै नेपालकै प्रसिद्ध पर्यटकीय शहर पोखराको नजिकै रहेको र पोखराबाट मुक्तिनाथ जाने पर्यटकीय मार्गको छेवैमा रहेको यस क्षेत्रको निम्ति अग्ला पुलहरुको कारण पर्यटकहरुको संख्या बढिरहेको र बन्जी जम्पको निर्माण हुंदै गरेको कुश्मा, प्रसिद्ध धार्मिक गन्तव्य वाग्लुङ्ग कालिका र पन्चकोटले काठेखोलाको पर्यापर्यटनको विकासमा प्रशस्त अवसरहरु सिर्जना गरेका छन् (क्षेत्रिय सन्दर्भ नक्शा अनुसूची १३ मा संलग्न छ) ।

गुरुयोजना निर्माणको क्रममा सुझाव संकलनार्थ आयोजना गरिएका टोल भेला तथा वडा स्तरीय छलफल कार्यक्रमहरुबाट पर्यटन विकास सम्बन्धी आएका सुझावहरु तालिका १५ मा दिइएको छ ।

**तालिका १५: पर्यटन पूर्वाधार तथा संस्कृति जगेर्ना सम्बन्धी प्राथमिकताहरु**

| वार्ड नं. | पर्यटन पुर्वाधार |
|---|---|
| १ (पाला) | ▪ पिकनिक स्थल निर्माण । |
| २ (भिमापोखरा) | ▪ भिमापोखरा दरवार देखि बोडेचौर सम्म पदयात्रा मार्ग । |
| ३ (धम्जा) | ▪ पञ्चकोट देखि देउराली हुदैं तीनचुली सम्म एकीकृत पदयात्रा मार्ग । |
| | ▪ धम्जा देउराली देखि म्याग्दीसम्म पदयात्रा मार्ग । |
| | ▪ होम स्टे सुधार तथा विस्तार । |
| ४ (तँग्राम) | ▪ झुलेनी पिकनीक स्थल निर्माण । |
| | ▪ सामुदायिक लज निर्माण । |
| | ▪ कोट मन्दिर मर्मत, ठुलोगाउँ परिवार समाज, भद्र गोत्रिया, कुल मन्दिर व्यवस्थापन, विश्वकर्मा मन्दिर मर्मत । |
| | ▪ मगर सङ्ग्रहालय निर्माण । |
| | ▪ मरनघाट निर्माण । |
| ५ (उपल्लो विहुँ) | ▪ शिवालय मन्दिर प्रवर्द्धन । |
| | ▪ भ्यु टावर निर्माण । |
| ६ (तल्लो विहुँ) | ▪ कृषि (सुन्तला) फार्म स्टे सञ्चालन । |
| ७ (रेश) | ▪ गुम्बा, सत्यवती, गाजा, भ्यु टावर, जयापिङ्ग रक क्लाईम्बिङ्ग । |

| | |
|---|---|
| | ▪ होम स्टे सञ्चालन । |
| ८ (लेखानी) | ▪ गुम्बा मर्मत । |

### ३.४.२ विकासका सूचक तथा लक्ष्यहरु

पर्यटन क्षेत्रको विकाससँग सम्बन्धित सूचकहरु तथा प्रत्येक सूचकको परिमाणात्मक लक्ष्य तालिका १६ मा प्रस्तुत गरिएको छ ।

**तालिका १६ : पर्यटन क्षेत्रसँग सम्बन्धित विकासका सूचक तथा लक्ष्यहरु**

| क्र. सं. | विकासका सुचकहरु | हालको अवस्था | अधिकतम आशातित अवस्था | गुरुयोजनाको लक्ष्य (वि.सं. २१००) | आ.व. २०७९।८० सम्मको लक्ष्य | योगदान गरिने दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | स्वदेशी तथा विदेशी पर्यटकको संख्या (बार्षिक) | थाहा छैन | २०००० | २०००० | २००० | १.२, १.३, २.३, ८.१, ८.२, ८.५, ८.६, ८.८, ८.९ |
| २ | होम स्टे सञ्चालन ( स्थान) | २ | ७ | ७ | ४ | १.१, ४.४, ८.२, ९.२, १०.२, १२(ख) |
| ३ | फार्म स्टे संचालन ( स्थान) | ० | ७ | ७ | १ | १.१, ८.९, ८.१०, ९.२, १०.१, १०.२, |
| ४ | पदयात्रा पूर्वाधार (रुट): पडाडको धुरी | ० | २ | २ | १ | |
| ५ | सांस्कृतिक सम्पदाको जगेर्ना भएको हुने (मठ मन्दिर मर्मत सम्भार, सांस्कृतिक संग्रहालय) | | | | | ११.४ |

### ३.४.३ नीति तथा कार्यक्रम

(क) काठेखोला गाउँपालिकाको पर्यटन मूलतः कृषि, प्राकृतिक, सांस्कृतिक र धार्मिक अवयवहरुमा आधारित रहने छ । सबै प्रकारका पर्यटनलाई वातावरणमैत्री बनाई पर्यापर्यटनको रुपमा विकास गरिने छ ।

(ख) स्थानीय समुदायमा आधारित पर्यटनलाई बढावा दिई पर्यटनलाई जीविकोपार्जनसँग एकिकृत गरिनेछ । यस क्षेत्रमा आउने पर्यटकलाई स्थानीय उत्पादनहरु मात्रै खुवाउने र स्थानीय चिनारीयुक्त सामाग्रीहरु उत्पादन गरी विकि गर्ने गरी कार्यकमहरु संचालन गरिने छ ।

(ग) पर्यटन योजना निर्माण गर्दा कुश्मा, वाग्लुङ्ग नगरपालिका (मुख्यतः वाग्लुङ्ग कालिका र पन्चकोट) र आसपासका अन्य पर्यटकीय क्षेत्रहरु समेटी एकिकृत योजना निर्माण गर्न पहल गरिने छ । पोखरा, कुश्मा, वाग्लुङ्ग कालिका र पन्चकोटसम्मको सडक यातायात र त्यहाँबाट संसारकोट, थाप्लेको भिर, मोथेको भिर, बेलढुंगा, देउराली, फापरखेत र घोडाबाँधे सम्मको पदयात्रा, घोडाबाँधेबाट शिबधुरी (मन्दिर) वा गाजा दह वा बौर (रेश), भकुण्डे हुँदै वाग्लुङ्ग बजार सम्मको पदयात्रालाई केन्द्रित गरी पदयात्रा मार्ग संचालन गरिने छ ।

(घ) पदयात्रालाई सहज हुने गरी विभिन्न स्थानमा सामुदायिक होम स्टे (जस्तैः धम्जाको ओख्ले र देउराली, तँग्रामको फापरखेत, बिहुँको घोडाबाँधे) को विस्तार र सुधार, दृश्यावलोकन स्थल तथा क्याम्पिङ साइटको निर्माण, प्रचार प्रसार सामाग्रीको निर्माण तथा वितरण, एवं पदयात्रा मार्ग सुधार लगायतका क्रियाकलापहरु संचालन गरिने छ । पदयात्रा मार्ग सम्बन्धी प्रचारप्रसार गर्न कुनै निश्चित समय तोकी हरेक बर्ष पदयात्रा अभियान समेत संचालन गरिने छ । होम स्टेमा स्थानीय संस्कृति झल्किने सांस्कृतिक कार्यक्रम संचालन गर्ने गरी जनशक्तिको विकास गरिने छ ।

(ङ.) पदयात्रा मार्गको निश्चित दुरीमा विश्रामस्थलको रुपमा तथा टाकुरा लगायतका दृष्यावलोकन स्थलहरुमा वर, पिपल, समी जस्ता बृक्षहरु सहितको परम्परागत ढुंगे चौतारोहरुको निर्माण गरिने छ ।

(च) निजी क्षेत्र वा सामुदायिक संस्थामार्फत संचालन गर्ने गरी पदयात्रा मार्ग नजिकै वन क्षेत्र आसपास (जस्तैः धम्जा देउराली नजिक) एक ध्यान केन्द्र (meditation centre) को स्थापना गरिने छ ।

(छ) तँग्रामको फापरखेतमा स्थापना गरिने होम स्टे गाउँमा मगर संस्कृति एवं स्थानीय रहनसहनसँग सम्बन्धित सामाग्रीहरुको सँग्रह र प्रदर्शन गर्ने गरी एक सांस्कृतिक सँग्रहालयको स्थापना गरिने छ ।

(ज) मुख्यतः मध्य पहाडी लोकमार्गको आसपास फार्म स्टे प्रवर्द्धन गरिने छ । यसको निम्ति वहुप्रजातियुक्त फलफूल बगैंचा तथा स्थानीय जातका पशुपन्छी पालन लगायतका कार्यको लागि व्यवसायिक कृषकहरुलाई अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराइने छ ।

(झ) महत्वपूर्ण मठ मन्दिर लगायतका सांस्कृतिक सम्पदाहरुको मर्मत, सम्भार र संरक्षण गरिने छ ।

(ञ) गाउँपालिकाका बुढापाकाहरुसँग अन्तर्वार्ता गरी विभिन्न विषयका परम्परागत ज्ञान, सिप र प्रविधि एवं ऐतिहासिक तथ्यहरुको अभिलेखिकरण गरिने छ ।

## ३.५ यातायात

### *३.५.१ वर्तमान अवस्थाको विश्लेषण*

काठेखोला गाउँपालिकाको करिव मध्यभागबाट मध्यपहाडी लोकमार्ग निर्माण भइरहेको छ । यो लोकमार्ग यस गाउँपालिकाको समग्र विकासको मेरुदण्ड हो । यसै लोकमार्गको दायाँ वायाँ सबैजसो गाउँ, टोलहरुमा कच्ची सडक पुगेको अवस्था छ (सडक सञ्जाल नक्शा अनुसूची १४ मा संलग्न छ) जसले मानिसहरुको आवत जावतलाई मात्रै नभई कृषि उपजको विक्रि वितरणलाई समेत सहज बनाएको छ । तर यस्ता धेरै जसो सडकहरु साँघुरा र जोखिमयुक्त रहेका छन् भने हरेक वर्ष सडक मर्मतमा धेरै लागत खर्च हुने अवस्था छ । यसका अतिरिक्त भिरालो भूभागमा रहेका यस्ता सडकहरुले भूक्षय, पहिरो जस्ता वातावरणीय समस्याहरु समेत निम्त्याएका छन् ।

हाल कतिपय घरधुरीसँग यातायातको कुनै न कुनै आफ्नै साधन रहेको छ भने सार्वजनिक यातायातका साधनहरु, मुख्यतः जिप र कतिपय गाउँमा बस समेत, सबै जसो गाउँबाट जिल्ला सदरमुकाम वाग्लुङ्ग वजारसम्म आवत जावत गर्दछन् । निजी तथा सार्वजनिक सवारी साधनको संख्या भविष्यमा बढ्दै जाने निश्चित छ । तसर्थ भविष्यको आवश्यकतालाई मध्यनजर गर्दै वातावरणीय जोखिमलाई समेत दृष्टिगत गरी सडकहरुको मापदण्ड निर्धारण गरी स्तरोन्नति गर्नु र सार्वजनिक यातायातलाई सहज र सुलभ बनाउनु यातायात क्षेत्रमा गर्नुपर्ने मुख्य कार्य हो ।

पालिकाका विभिन्न टोलहरुमा स्थानीयहरुसँग गरिएका अन्तरक्रिया तथा वडा स्तरीय छलफलबाट यातायात तथा सडक सम्वन्धी आएका सवाल तथा अपेक्षाहरु तालिका १७ मा प्रस्तुत गरिएको छ ।

**तालिका १७: यातायात क्षेत्रका विकास आवश्यकता सम्बन्धमा टोल तथा वडा स्तरीय छलफलका क्रममा आएका सुझावहरु**

| वार्ड नं. | सडक | व्यवस्थापनको सवाल |
|---|---|---|

| | | |
|---|---|---|
| १ (पाला) | ■ एकपाटा देखि दोविल्ला सम्म | स्तरोन्नति |
| | ■ पालिकाको कार्यालय देखि वडा कार्यालय सम्म ( मध्यपहाडी लोकमार्गले समेट्ने बाहेक) | स्तरोन्नति |
| २ (भिमापोखरा) | ■ सिम ढोडरी कान्छो धौलागिरी गोरेटो बाटो | मर्मत, सुधार |
| | ■ खहरेखोला, अधेरीखोला, अछेते देखि सलाम हुदैं मुलथाना वडा कार्यालय सम्म | स्तरोन्नति |
| | ■ अछेते सलाम दोरहोक, खारे हुदैं मुलथाना सम्म | |
| ३ (धम्जा) | ■ मङ्गलेखोलाबाट धम्जा सायकटेरा हुदैं ओख्ले सम्म कृषि सडक | स्तरोन्नति |
| | ■ गाउँपालिका कार्यालय देखि अछेते हुदैं धम्जा वडा कार्यालय सायकटेरा सम्म | |
| | ■ कालीमाटीबाट धम्जा देउराली हुदैं ताराखोला सम्म | |
| | ■ पञ्चकोट देखि धम्जा | |
| ४ (तँग्राम) | ■ नारायणी मा.वि. हुदैं जाने सडक परिवर्तन गर्नु पर्ने | स्तरोन्नति |
| | ■ अछेते दुदिया हुदैं बुलुङ्ग, घुमी ठुलो गाउँ, रानीबराङ्ग, राङ्गकाटे, धम्जा देउराली सम्म (११ कि.मी) | |
| | ■ लामाङ्गेघुम्ती धारा मा.वि. रिसीधारा, गोठीखोल्ने चपात करिव ७ कि.मी. | नयाँ ट्याक खोल्नु पर्ने र केहि स्तरोन्नति |
| | ■ देउरालीडाडा देखि नमुङ्ग पैरीव्याङ्ग हुदैं उनुबाङ्ग फापरखेत हुदैं लाटखोरीयासम्म करिव ७ कि.मी. | स्तरोन्नति |
| | ■ नारायणी देखि धारासम्म | |
| | ■ लाकुरी देखि नमङ्गासम्म | |
| | ■ घासरम देखि भूमेथानसम्म | |
| | ■ चपात देखि वसन्ता हुदैं खोर सम्म | |
| | ■ जोगीगाउँ देखि दोभान हुदैं धम्जा सम्म | |
| | ■ दुदियादेखि कापल हुदैं थाकिमा बुर्लुङ्ग प्राथमिक विद्यालय सम्म | |
| | ■ कुसित्ते देखि डाडाँ हुदैं दिवारीसम्म | |
| | ■ धम्जा देखि देउराली हुदैं विहुँसम्म | |
| ५ (उपल्लो विहुँ) | ■ धवाखोला देखि गैरी खेतसम्म करिव ३ कि.मी. | स्तरोन्नति |
| | ■ अमर मा.वि. घुम्ती देखि लेखखोरयिा सम्म करिव १० कि.मी. | |
| | ■ रिसीथोक देखि धातेविरौटा सम्म करिव ३ कि.मी. | |
| | ■ रिसीथोक देखि हटियासम्म करिव २ कि.मी. | |
| | ■ मझिम्दा देखि लामासोला १.५ कि.मी. | |
| | ■ गणेशथोक देखि दहसम्म करिव १० कि.मी. | |
| | ■ लमराती देखि उमरखोला सम्म करिव २ कि.मी. | |
| ६ (तल्लो विहुँ) | ■ सुलडाडा देखि अछेतेसम्म | स्तरोन्नति |
| | ■ सुलडाडा देखि किमबोट सम्म | |
| | ■ किम्बोट देखि धरमदास, ब्याड, फापरचौर | |
| | ■ किम्बोट देखि धरमदास हुदैं फापरचौर | |
| ७ (रेश) | ■ पालिका कार्यालय देखि वडा कार्यालय सम्म | स्तरोन्नति |
| | ■ काठेखोला देखि गाजा सत्यवती पर्यटन सडक | |
| | ■ साविक वडा नं १ र २ जोड्ने सडक | |

| | | |
|---|---|---|
| ८ (लेखानी) | ▪ अक्षेते देखि सुलडाडा (पालिका कार्यालय) हुदैं लेखानी कादेश हुदैं हकीलावारी सम्म | स्तरोन्नति |

### *३.५.२ विकासका सूचक तथा लक्ष्यहरु*

सडक तथा यातायात क्षेत्रको विकाससँग सम्बन्धित सूचकहरु तथा प्रत्येक सूचकको परिमाणात्मक लक्ष्य तालिका १८ मा प्रस्तुत गरिएको छ ।

**तालिका १८ : यातायात क्षेत्रका विकासका सूचक र लक्ष्यहरु**

| क्र.सं. | विकासका सुचकहरु | हालको अवस्था | अधिकतम आशातित अवस्था | गुरुयोजनाको लक्ष्य (वि.सं. २१००) | आ.व. २०७९।८० सम्मको लक्ष्य | योगदान गरिने दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|
| १. | मापदण्ड बमोजिमका सडक ( प्रतिशत) | ० | १०० | ५० | पालिका सदरमुकामदेखि वडा सदरमुकाम सम्मका सडकहरु | ११.१, ११.३ |
| २ | कच्ची सडकको लम्वाई | २०६ कि.मी. | ० | ० | १८६ | ९.१, ११.२, १.४ |
| ३ | ग्राभेल सडकको लम्वाई | ० | ० | १०६ | २० | ९.१, ११.२ |
| ४ | पक्की सडकको लम्वाई | ० | २०६ | १०० | ० | ९.१, ११.२ |
| ५ | झोलुङ्गे पुल (संख्या) | ३ | २० | १५ | ५ | ३.६, ९.१, ९.४, ९.५ |

नोट : यसमा मध्यपहाडी लोकमार्ग समावेश गरिएको छैन ।

### *३.५.३ नीति तथा कार्यक्रम*

(क) पहाडी भूभागमा सडक निर्माण गर्दा देखापर्ने वातावरणीय समस्याहरुलाई मध्यनजर गर्दै सडकको निम्ति निम्न मापदण्ड निर्धारण गरिने छ ।

- पालिकाको सदरमुकामदेखि वडा सदरमुकाम जोड्ने सडक र घुम्ती सडक (रिङ रोड) को न्यूनतम चौडाई छ मिटर तथा अन्य ग्रामिण सडकहरुको न्यूनतम चौडाई चार मिटर हुने (नाली तथा अन्य संरचनाको भाग बाहेक) ।
- ठूला घुम्ती तथा वातावरणीय क्षति कम हुने ठाउँमा सडकको चौडाई बढि बनाउने ।
- सडक किनाराको दुबैतर्फ १२ मिटरसम्म कुनै पनि स्थायी संरचना नबनाउने र उक्त स्थानमा हरित पेटी निर्माण गर्ने ।
- सडक बनाउँदा नाली अनिवार्य रुपमा निर्माण गर्ने र आवश्यकता अनुसार पानीको निकासको व्यवस्था गर्ने ।

(ख) निजी जग्गामा पर्ने सडक किनारामा हरित पेटी निर्माणको निम्ति किम्बु, खन्यु जस्ता मध्यम उचाइ हुने स्थानीय प्रजातिका डालेघाँस तथा फलफूलका बिरुवाहरुको वृक्षारोपण र स्याहार, सम्भारको जिम्मेवारी र उपयोगको अधिकार सम्बन्धित जग्गाधनीलाई दिई हरित पेटीको व्यवस्थापन गरेवापद् नतिजामा आधारित अनुदानको व्यवस्था गरिने छ ।

(ग) सडकको संरक्षण गर्न वायोइन्जिनीयरिङ पद्धतिको प्रयोगमा जोड दिइने छ ।

(घ) प्राय: सबै गाउँहरुमा कच्ची सडक पुगिसकेको सन्दर्भमा नयाँ सडक नबनाउने र विद्यमान कच्ची सडकहरुको स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।

(ङ.) प्राथमिकताप्राप्त सडकहरुको स्तरोन्नति गर्न (नाली निर्माण गर्ने, मापदण्ड बमोजिम सडक विस्तार एवं संरक्षण र मर्मत सम्भार गर्ने, ग्राभेल गर्ने, पुल, कल्भर्ट वा कज वे निर्माण गर्ने र सडक कालोपत्रे गर्ने) आवश्यक लागत अनुमान सहितको विस्तृत परियोजना प्रस्ताव तयार गर्दै जाने र सो प्रस्तावको आधारमा बजेट विनियोजन गरी कार्य संचालन गर्ने पद्धति अवलम्वन गरिने छ । यस अनुसार पालिका सदरमुकामबाट वडा कार्यालयहरु जोड्ने सडकहरु, घुम्ती सडक र अन्य ग्रामिण सडकहरुको विस्तृत परियोजना प्रस्तावहरु क्रमश: तयार गरिने छ ।

(च) सडकका मुख्य गन्तव्यहरुमा यात्रु प्रतिक्षालयको रुपमा वर, पिपल वा समीका बोटहरु वृक्षारोपण गरी परम्परागत ढुंगे चौताराहरु निर्माण गरिने छ ।

(छ) निजी क्षेत्रको सहभागितामा सार्वजनिक यातायात व्यवस्थापन गर्न मापदण्डहरु तयार गरी लागु गरिनुका साथै सडक सुरक्षा सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।

(ज) बर्षायाममा यात्राको जोखिम कम गर्न आवश्यकता अनुसार झोलुंगे पुलको निर्माण गरिने छ ।

## ३.६ संचार

### *३.६.१ वर्तमान अवस्थाको विश्लेषण*

लेखानी, रेश, धम्जामा सरकारी इलाका हुलाक कार्यालय रहेको भएता पनि यसको प्रयोग घट्दै गएको छ । सञ्चारका धेरै माध्यमहरु मध्ये करिव ७७ प्रतिशत घरधुरीले मोवाइल फोन प्रयोग गर्ने गर्दछन् (तालिका १९) । मोवाइल फोनको नेटवर्क प्राय: सबै गाउँहरुमा पुगेको अवस्था छ । इन्टरनेट प्रयोग गर्ने व्यक्तिहरुको संख्या न्यून छ ।

**तालिका १९ : विभिन्न सञ्चारका माध्यमहरु प्रयोग गर्ने घरधुरी प्रतिशत**

| जतिगत विवरण | १ | २ | ३ | ४ | १,२ | १,२,३ | २,३ | २,४ | २,३,४ | २,५ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ब्रह्मण, क्षेत्री तथा ठकुरी | ०.१२ | ७९.०८ | ०.२५ | ०.०६ | ०.२५ | ०.०० | ६.४० | १३.६० | ०.२५ | ०.०० |
| दलित | ०.३५ | ७३.४३ | ०.०० | ०.८१ | ०.३५ | ०.०० | ०.४६ | २४.४८ | ०.०० | ०.१२ |
| आदिवासी जनजाति | ०.०६ | ७६.४२ | ०.०६ | ०.४१ | ०.१२ | ०.०६ | ३.७८ | १८.८५ | ०.२४ | ०.०० |
| औसत | ०.१४ | ७६.८४ | ०.१२ | ०.३६ | ०.२२ | ०.०२ | ४.१२ | १७.९७ | ०.१९ | ०.०२ |

१. ल्याण्डलाइन फोन, २. मोवाइल, ३. इन्टरनेट, ४. हुलाक र ५. अन्य

टेलिभिजन धेरै घरधुरी (६८.४१ प्रतिशत) को मनोरन्जनको प्रमुख साधन रहेको छ भने करिव ७.६६ प्रतिशत घरधुरीले रेडियो मात्र प्रयोग गर्ने गर्दछन् । यसै गरी करिव २४ प्रतिशत घरधुरीले टेलिभिजन र रेडियो दुवै प्रयोग गर्ने गर्दछन् (तालिका २०) ।

**तालिका २० : मनोरन्जनका साधन प्रयोग गर्ने घरधुरी (प्रतिशत)**

| जतिगत विवरण | १ | २ | ३ | १,२ | १,२,३ | १,३ | २,३ |
|---|---|---|---|---|---|---|---|
| ब्रह्मण, क्षेत्री तथा ठकुरी | ७१.५८ | ४.६७ | ०.०० | २३.५६ | ०.०६ | ०.०० | ०.१३ |
| दलित | ६९.४७ | ११.१३ | ०.१३ | १९.२८ | ०.०० | ०.०० | ०.०० |
| आदिवासी जनजाति | ६४.६४ | ८.९२ | ०.०७ | २६.२४ | ०.०० | ०.०७ | ०.०७ |
| औसत | ६८.४१ | ७.६६ | ०.०४ | २३.७५ | ०.०३ | ०.०३ | ०.०८ |

नोटः १. टेलिभिजन, २. रेडियो र ३. अन्य

### *३.६.२ विकासका सूचक तथा लक्ष्यहरु*

संचारको क्षेत्रका विकासका सूचकहरु तथा ति सूचकहरुका परिमाणात्मक लक्ष्यहरु तालिका २१ मा प्रस्तुत गरिएको छ ।

**तालिका २१ : सञ्चार क्षेत्रका विकासका सूचक र लक्ष्यहरु**

| क्र. सं. | विकासका सुचकहरु | हालको अवस्था | अधिकतम आशातित अवस्था | गुरुयोजनाको लक्ष्य (वि.सं. २१००) | आ.व. २०७९।८० सम्म को लक्ष्य | योगदान गरिने दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | इन्टरनेटमा पहुँच भएका घरधुरी प्रतिशत | ०.१२ | १०० | ५० | २० | ४.४, ४.क, ५.ख, १७.६, १७.८ |
| २ | मोवाइल फोनमा पहुँच भएका घरधुरी प्रतिशत | ७६.८४ | १०० | १०० | ८५ | ५.ख, ८.१०, ९.५, |
| ३ | टेलिभिजनमा पहुँच भएका घरधुरी प्रतिशत | ६८.४१ | १०० | ९० | ७५ | ४.४, ४.ख, ५.ख, १७.८ |
| ४ | पत्रपत्रिकामा पहुँच भएका घरधुरी प्रतिशत | NA | १०० | ८० | ३० | ४.४, १७.८ |
| ५ | छिटो, छरितो र भरपर्दो हुलाक सेवा | | | | | |
| ६ | स्थानीय सूचनामा शिघ्र पँहुचको व्यवस्था | | | | | |

### *३.६.३ नीति तथा कार्यक्रम*

तालिका २१ मा उल्लिखित लक्ष्यहरु हासिल गर्न खासगरी घरधुरीहरुको आर्थिक अवस्थामा सुधार ल्याउनुपर्ने हुन्छ, जुन अन्य विभिन्न क्षेत्रका नीति तथा कार्यक्रमहरुले सम्बोधन गरेका छन् । यद्यपि यसका निम्ति कतिपय सार्वजनिक क्रियाकलापहरु समेत महत्वपूर्ण छन् । तसर्थ सार्वजनिक क्षेत्रका निम्न नीति तथा कार्यक्रमहरु प्रस्ताव गरिएको छ ।

(क) वडा कार्यालय लगायत महत्वपूर्ण सार्वजनीक स्थलहरुमा निशुल्क वाई फाईको व्यवस्था गरिने छ ।

(ख) सामुदायिक सूचना केन्द्रको स्थापना गरी पत्रपत्रिका, पुस्तक लगायतका सूचना सामाग्रीहरु राख्ने व्यवस्था गरिने छ ।

(ग) वडा कार्यालय, विद्यालय तथा बजार क्षेत्रहरुमा विभिन्न सूचनाहरु प्रवाह गर्ने होर्डिङ वोर्डहरु राखिने छ ।

(घ) हुलाक सेवा कार्यालयलाई गाउँपालिकाको कार्यालयसँगै राख्ने र सबै वडा कार्यालयहरुमा चिट्ठी पत्र संकलन गरी यथाशिघ्र उक्त हुलाक सेवा कार्यालयमा आइपुग्ने व्यवस्था मिलाइने छ ।

(ङ.) कृषकहरुलाई मौसम सम्बन्धी सूचना लगायत सम्बन्धित व्यक्तिहरुलाई अत्यावश्यक सूचनाहरु एस.एम.एस. मार्फत उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

## ३.७ उर्जा

### *३.७.१ वर्तमान अवस्थाको विश्लेषण*

काठेखोला गाउँपालिकाका ४५.६७ प्रतिशत घरधुरीले दाउरा मात्र प्रयोग गर्ने गर्दछन् भने जम्मा ०.२० प्रतिशत र ०.६९ प्रतिशत घरधुरीले क्रमशः गोवरग्यास र एल.पी.जी. मात्र प्रयोग गर्दछन् (तालिका २२) । धेरै जसो घरधुरीले एक भन्दा बढी इन्धनको प्रयोग गर्ने गर्दछन् । जस्तै ४३.१४ प्रतिशत घरधुरीले दाउरा र एल.पी.जी. दुवै प्रयोग गरेको पाइन्छ भने दाउरा, एल.पी.जी. र विद्युतको गरी तिनै प्रकारका इन्धन प्रयोग गर्ने घरधुरी प्रतिशत ५.१९ रहेको छ । जातिगत रुपमा अन्य भन्दा धेरै दलित घरधुरी (५८.१० प्रतिशत) ले दाउरा मात्र प्रयोग गरेको पाइन्छ भने गोवर ग्यास र एल.पी.जी. ब्राह्मण जातिले बढी प्रयोग गरेको पाइन्छ ।

**तालिका २२ : खाना पकाउने इन्धनको प्रकार (प्रयोग गर्ने घरधुरी प्रतिशत)**

| जातिगतविवरण | इन्धनको किसिम | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | १ र २ | १ र ३ | १, ३ र ४ | १, २ र ३ | १, २, ३,र ४ | १, २ र ४ | १, २ र ५ | १, ३, ४ र ५ | १ र ४ | ३ र ४ | ३, ४ र ५ | जम्मा |
| ब्रह्मण, क्षेत्री तथा ठकुरी | ३५.९४ | ०.३५ | १.०० | १.५९ | ५५.१२ | ४.०८ | ०.१७ | ०.११ | ०.१७ | ०.१२ | ०.०५ | १.०० | ०.२३ | ० | १०० |
| दलित | ५८.१० | ०.२२ | ०.११ | १.५६ | ३५.०८ | २.१२ | ०.२२ | ० | ०.११ | ०.११ | ०.२२ | २.१२ | ० | ० | १०० |
| आदिवासी जनजाति | ४८.६७ | ०.०५ | ०.६८ | ०.६२ | ३५.७५ | ७.८१ | ०.१७ | ०.०५ | ०.११ | ०.११ | २.७२ | ३.०५ | ०.०५ | ०.११ | १०० |
| औसत | ४५.६७ | ०.२० | ०.६९ | १.१९ | ४३.१४ | ५.१९ | ०.१८ | ०.०६ | ०.१३ | ०.११ | १.१७ | २.०६ | ०.११ | ०.०४६ | १०० |

नोटः १. दाउरा, २. गोवरग्यास, ३. एल.पि.जी., ४.विद्युत, ५. काठको धुलो, र ६.अन्य

दाउरा बाल्दा ४८.२३ प्रतिशत घरधुरीले सुधारिएको चुल्हो प्रयोग गर्दछन् भने ३०.७२ प्रतिशत घरधुरीले तीनखुट्टे ओदान प्रयोग गर्दछन् । करिव १९ प्रतिशत घरधुरीले माटोको परम्परागत चुल्हो प्रयोग गरेको पाइन्छ भने केहि घरधुरीले मात्र यी ३ किसिमका चुल्होको मिश्रित रुपमा प्रयोग गर्दछन् (तालिका २३) ।

**तालिका २३ : विभिन्न प्रकारका दाउराको चुल्हो प्रयोग गर्ने घरधुरी प्रतिशत**

| जातिगत विवरण | चुल्होको किसिम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | १ र २ | १, २ र ३ | १ र ३ | २ र ३ | जम्मा |
| ब्रह्मण, क्षेत्री तथा ठकुरी | ३१.९४ | १७.३० | ४९.५२ | ०.१८ | ०.०० | ०.६६ | ०.३६ | १०० |
| दलित | ३६.८२ | २५.२० | ३७.३९ | ०.०० | ०.०० | ०.२३ | ०.३४ | १०० |
| आदिवासी जनजाति | २६.७२ | १९.२० | ५२.५२ | ०.२३ | ०.०६ | ०.९२ | ०.३४ | १०० |
| औसत | ३०.८२ | १९.७० | ४८.२३ | ०.१६ | ०.०२ | ०.६८ | ०.३५ | १०० |

नोटः १. ओदान, २. माटोको चुल्हो, र ३. सुधारिएको चुल्हो

उज्यालोको लागि करिब ९३ प्रतिशत घरधुरीले विद्युत प्रयोग गर्छन् भने जम्मा १.३६ प्रतिशत घरधुरीले सोलार प्रयोग गर्दछन् । धेरै कम घरधुरीले (०.३७ प्रतिशत) मट्टितेल प्रयोग गर्ने गरेको पाइन्छ । केहि घरधुरी (३.७९ प्रतिशत) ले विद्युत र सोलार संयुक्त रुपमा प्रयोग गरेको समेत पाइन्छ (तालिका २४) ।

**तालिका २४ : उज्यालोको लागि विभिन्न इन्धन प्रयोग गर्ने घरधुरी प्रतिशत**

| जतिगत विवरण | १ | २ | ३ | ४ | १ र २ | १ र ३ | १ र ४ | ३ र ४ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ब्रह्मण, क्षेत्री तथा ठकुरी | ९२.०२ | १.७८ | ०.१८ | ० | ५.५९ | ०.४१ | ० | ० | १०० |
| दलित | ९५.१५ | २.०२ | १.०१ | ०.११ | १.०१ | ०.५६ | ० | ०.११ | १०० |
| आदिवासी जनजाति | ९१.९१ | ०.६२ | ०.२२ | ० | ३.४७ | २.९६ | ०.७९ | ० | १०० |
| औसत | ९२.६२ | १.३६ | ०.३७ | ०.०२ | ३.७९ | १.४८ | ०.३२ | ०.०२ | १०० |

नोटः १. विद्युत, २. सोलार, ३. मट्टितेल, र ४. अन्य

यसै गरी पानी तताउनको लागि धेरै कम घरधुरीसँग इन्भरटर, गिजर र सोलार रहेको पाइन्छ (तालिका २५) ।

**तालिका २५ : पानी तताउन प्रयोग गरिने उपकरण रहेका घरधुरी प्रतिशत**

| जतिगत विवरण | ईन्भरटर | गिजर | सोलार |
|---|---|---|---|
| ब्रह्मण, क्षेत्री तथा ठकुरी | ०.५३ | ०.४१ | ०.४७ |
| दलित | ०.४६ | ०.२३ | ०.२३ |
| आदिवासी जनजाति | ०.९४ | १.२४ | ०.४१ |
| **औसत** | **०.६८** | **०.७०** | **०.४०** |

### *३.७.२ विकासका सूचक तथा लक्ष्यहरु*

उर्जा क्षेत्रमा विकासका सूचकहरु तथा तिनीहरुका परिमाणात्मक लक्ष्यहरु तालिका २६ मा दिइएको छ ।

**तालिका २६ : ऊर्जा क्षेत्रका विकासका सूचक तथा लक्ष्यहरु**

| क्र. सं. | विकासका सुचकहरु | हालको अवस्था | अधिकतम आशातित अवस्था | गुरुयोजनाको लक्ष्य (वि.सं. २१००) | आ.व. २०७९।८० सम्मको लक्ष्य | योगदान गरिने दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | खाना पकाउने प्रयोजनमा दाउराको प्रयोग गरेका घरधुरी प्रतिशत | ४५.६७ | ० | १० | ४० | ७.१ |
| २ | दाउरा बाल्ने मध्य सुधारिएको चुल्हो प्रयोग गरेका घरधुरी प्रतिशत | ४८.२३ | ० | १० | ४० | ५.१, ५.२, ७.२, ७.३ |
| ३ | खाना पकाउने प्रयोजनमा गोवर ग्यास प्रयोग गरेका घरधुरी प्रतिशत | ०.२० | १० | १० | १ | ७.३, ७.क, १३. १ |
| ४ | खाना पकाउने प्रयोजनमा विद्युतीय चुल्हो प्रयोग गरेका घरधुरी प्रतिशत | ० | ९० | ९० | ३ | ५.४, ५.५ , ७.३, ७.ख |
| ५ | पानी तताउनका लागि सोलारको प्रयोग गरेका घरधुरी प्रतिशत | १.३६ | २० | १० | ३ | १३.१ |

### *३.७.३ नीति तथा कार्यक्रम*

(क) खाना पकाउने इन्धनको रुपमा दाउराको प्रयोगलाई न्यूनिकरण गर्दै विद्युतीय चुल्हो र वायोग्यासको उपयोगलाई प्रोत्साहन गरिने छ । देशमा विद्युतको यथेष्ट उत्पादन भइनसक्ने हुनाले मानव स्वास्थ्यलाई समेत दृष्टिगत गरी शुरुका केही वर्ष परम्परागत चुल्होलाई सुधारिएको चुल्होले प्रतिस्थापन गरिने छ । गाउँपालिकाको तल्लो तटीय क्षेत्रका मुख्य गरी गाई वा भैंसीपालक कृषक परिवारलाई वायोग्यास उत्पादन र उपयोगमा प्रोत्साहन गरिने छ ।

(ख) पानी तताउन सौर्य ऊर्जाको उपयोगलाई प्रोत्साहन गरिने छ ।

(ग) गाउँपालिकाका सबै घरधुरीमा विद्युतिकरण गरिने छ ।

(घ) खाना पकाउन विद्युतीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्न एक कार्यविधि बनाई विद्युतीय चुल्हो खरिदमा अनुदानको व्यवस्था गरिने छ ।

## ३.८ स्वास्थ्य

### *३.८.१ वर्तमान अवस्थाको विश्लेषण*

हाल काठेखोला गाउँपालिकामा वडा नं ५ वाहेक प्रत्येक वडामा स्वास्थ्य चौकी (जम्मा ७ वटा) रहेका छन् (अनुसूची १५) । ७ वटै वडामा रहेका हेल्थपोष्टमा वर्थिंग सुविधा भएता पनि करिव १० प्रतिशत मात्र जनसंख्याको जन्म हस्पिटलमा भएको पाइन्छ । करिव ९० प्रतिशत जनसंख्याको जन्म घरमा नै भएको पाइन्छ यद्यपि स्वास्थ्य संस्थामा जन्म गराउनेहरुको संख्या बढ्दै गएको छ ।

विरामी पर्दा उपचारको लागि करिव २९ प्रतिशत घरधुरीका सदस्यहरुले आयुर्वेदिक आैषधी प्रयोग गर्दछन् भने करिव ८३ प्रतिशत घरधुरीका सदस्य अस्पताल जाने गरेका छन् । यस्तै करिव ३२ प्रतिशत घरधुरीले घरेलु जडीबुटीजन्य औषधी प्रयोग गर्ने गर्दछन् भने करिव ७६ प्रतिशत स्थानीय स्वास्थ चौकी जाने गरेका छन् । करिव ३९ प्रतिशत जनसंख्या अझै पनि धामीको उपचारमा विश्वास गर्दछन् (तालिका २७) ।

**तालिका २७ : उपचारका विधी अपनाउने घरधुरी प्रतिशत**

| जातिगत वर्गिकरण | जडीवुटी | धामी | आयुर्वेद | स्वास्थ चौकी | अस्पताल |
|---|---|---|---|---|---|
| ब्रह्मण, क्षेत्री तथा ठकुरी | ३९.९३ | ५७.४८ | ३८.७८ | ७४.२८ | ८७.९२ |
| दलित | २७.१४ | ५९.४६ | २७.७८ | ८३.५७ | ८२.४९ |
| आदिवासी जनजाति | २४.१६ | ५९.७६ | २१.७८ | ७४.९६ | ७८.०० |
| **औसत** | **३०.९०** | **५८.८१** | **२९.६३** | **७६.४८** | **८२.७८** |

कूल जनसंख्याको ८६.५ प्रतिशत जनसंख्याले कहिले पनि मध्यपान सेवन नगर्ने, ९.७ प्रतिशतले कहिले काहिं मात्र सेवन गर्ने र ३.८ प्रतिशतले नियमित सेवन गर्ने गर्दछन् । त्यसैगरी जम्मा १०.६ प्रतिशत जनसंख्याले धुम्रपान गर्ने गर्दछन् ।

टोल भेला तथा वडा स्तरीय छलफलबाट आएका समग्र स्वास्थ्य सम्बन्धी सवाल तथा अपेक्षाहरु तालिका २८ मा दिईएको छ ।

**तालिका २८ : स्वास्थ्य क्षेत्रको विकाससँग सम्बन्धित सुझावहरु**

| वार्ड नं. | स्वास्थ सम्बन्धी सवाल तथा सुझावहरु |
|---|---|
| १ (पाला) | ▪ वर्थिङ्ग सेन्टरको व्यवस्था । |

| | |
|---|---|
| | ▪ नागरिक वडापत्र अद्यावधिक गर्ने र साधारण नागरिकहरुलाई सरकारबाट उपलब्ध हुने सेवा सुविधा सहजै उपलब्ध गराउने ।<br>▪ स्वास्थ्य सचेतना कार्यक्रम संचालन ।<br>▪ एम्बुलेन्सको व्यवस्था गर्ने ।<br>▪ खहरेमा मेडिकलको व्यवस्था गर्ने ।<br>▪ सुधारिएको चुल्होको विस्तार गर्ने । |
| २ (भिमापोखरा) | ▪ १५ शैयाको अस्पतालको निर्माण गर्ने ।<br>▪ एम्बुलेन्सको व्यवस्था ।<br>▪ खोप केन्द्र (अक्षेते र बाल डोहोरीमा) ।<br>▪ वार्षिक स्वास्थ घुम्ती शिविर सञ्चालन, गाउँघर क्लिनीक ।<br>▪ मुस्कान सहितको सेवा ।<br>▪ राम्रो कर्मचारीलाई पुरस्कारको व्यवस्था गर्ने ।<br>▪ स्वास्थ व्यवस्थापन समितीलाई तालिम प्रदान गर्ने । |
| ३ (धम्जा) | ▪ देउरालीमा रहेको सायकटेरा हेल्थपोष्ट स्थानान्तरण गर्ने वा सो नभए सायकटेरामा स्वास्थ केन्द्रको स्थापना गर्नु पर्ने ।<br>▪ बर्थिङ्ग सेन्टर तथा अन्य सुबिधाको वारेमा नागरिकहरुलाई जानकारी गराउने (३७ प्रकारका औषधि र टेप हेल्थपोष्टमा हुन्छन्) । |
| ४ (तँग्राम) | ▪ बर्थिङ्ग सेन्टरको व्यवस्था ।<br>▪ हेल्थपोष्टका कर्मचारीहरुलाई ल्याब टेष्ट गर्ने अधिकार छैन र सामान्य जाँचको लागि जिल्ला अस्पताल जानु पर्ने समस्या ।<br>▪ नागरिक बडापत्र तयार गरी जानकारी गराउने ।<br>▪ हेष्थपोष्ट नजिक खानेपानीको व्यवस्था नभएको । |
| ५ (उपल्लो विहुँ) | ▪ प्राथमिक उपचार तालिम तथा जनशक्ति विकास ।<br>▪ एम्बुलेन्सको व्यवस्था ।<br>▪ समयमा नै औषधि उपब्ध गराउने ।<br>▪ दिशापिसाब परिक्षण गराउन सकिने तर हेल्थपोष्टका कर्मचारीहलाई अख्तियारी नभएको । |
| ६ (तल्लो विहुँ) | ▪ औषधि अपर्याप्त हुने गरेको ।<br>▪ हेल्थपोष्ट निर्माण (साविक बिहुँ गाविस वडा नं ५ र ६ मा विभाजन भए पछि हेल्थपोष्ट वडा नं ५ मा रहेको) |
| ७ (रेश) | ▪ स्वास्थ चौकीको सुधार ।<br>▪ आधारभुत परिक्षणको सुविधा हुनु पर्ने (जस्तैः एक्स रे, दिशा पिसाब परिक्षण, थर्मोमिटरको व्यवस्था) |
| ८ (लेखानी) | ▪ एम्बुलेन्सको व्यवस्था ।<br>▪ स्वास्थ चौकी नजिक गल्छी नियन्त्रण ।<br>▪ स्वास्थ चौकीमा औषधी प्रयाप्त हुनु पर्ने ।<br>▪ निशुल्क औषधीको व्यवस्था ।<br>▪ साविक वडा नं ७, ८ र ९ कादेश का लागि उपस्वास्थ चौकी निर्माण ।<br>▪ आधारभुत परिक्षण (जस्तैः रगत, दिशापिसाब) को व्यवस्था हुनुपर्ने । |

### *३.८.२ विकासका सूचक तथा लक्ष्यहरु*

स्वास्थ्य क्षेत्रका विकासका सूचकहरु तथा ति सूचकहरुका दिर्घकालिन तथा अल्पकालिन परिमाणात्मक लक्ष्यहरु तालिका २९ मा प्रस्तुत गरिएको छ ।

**तालिका २९: स्वास्थ्य क्षेत्रका विकासका सूचक तथा लक्ष्यहरु**

| क्र.सं. | विकासका सुचकहरु | हालको अवस्था | अधिकतम आशातित अवस्था | गुरुयोजनाको लक्ष्य (वि.सं. २१००) | आ.व. २०७९।८० सम्मको लक्ष्य | योगदान गरिने दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | हस्पिटलको संख्या | ० | १ | १ | १ | ३.१, ३.२ |
| २ | हेल्थपोष्टको संख्या | ७ | ८ | ८ | ८ | ३.१ |
| ३ | स्वास्थ्य इकाईको निर्माण | १ | ३ | ३ | ३ | ३.१ |
| ४ | हस्पिटल वा स्वास्थ्य चौकीमा उपचार गर्ने घरधुरी प्रतिशत | ७९.८ | १०० | १०० | १०० | ३.३ |
| ५ | बच्चा जन्माउन स्वास्थ्य संस्थाको सेवा लिने घरधुरी प्रतिशत | १०.३ | १०० | ८० | १५ | ३.३ |
| ६ | नियमित धुम्रपान गर्ने जनसंख्या प्रतिशत | १०.६ | ० | ४ | १० | ३.३, ३.४, ३.५ |

### *३.८.३ नीति तथा कार्यक्रम*

(क) स्वस्थ जीवनयापन सम्बन्धमा जनचेतना अभियान संचालन गरिने छ । जस्तै स्वास्थ्य सुरक्षा एवं आहार विहार सम्बन्धी आधारभूत सूचनासहितको पोष्टर बनाई हरेक घरधुरीमा राख्ने र सो बमोजिमको अभ्यास भए नभएको अनुगमन गर्ने, विद्यालय परिसर तथा बजार क्षेत्रमा विशिष्ट प्रकारका सन्देशमूलक होर्डिड. वोर्ड राख्ने आदि ।

(ख) पौष्टिक आहारलाई मध्यनजर गर्दै एक घर, एक घर बगैंचा अभियान संचालन गरी पालिकाका हरेक घरमा विभिन्न मौसममा फल्ने कम्तिमा चार वटा फलफूलका बोट सहित मौसमी तरकारी तथा सागपात सहितको घर बगैंचा बनाउन अभियान संचालन गरिने छ । यसको निम्ति फलफूलका विरुवाहरु तथा सागपात तथा तरकारीको विउ वितरण गरिने छ साथै उत्कृष्ट घर बगैंचा बनाउने घरधुरीलाई पुरस्कृत गर्ने व्यवस्था गरिने छ ।

(ग) नियमित तथा विशेष सामुदायिक स्वास्थ्य शिविरहरु संचालन गरिने छ ।

(घ) हरेक टोलमा एक स्ट्रेचरको व्यवस्था गरिने छ ।

(ङ.) गाउँपालिकामा एक एम्बुलेन्स राखी सेवा प्रदान गर्ने व्यवस्था गरिने छ ।

(च) सामाजिक स्वास्थ्य परिचालिका परिचालन गरी परिवार नियोजन, धुम्रपान तथा मद्यपान विरुद्ध तथा अन्य स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि गरिने छ ।

(छ) प्रदेश तथा संघसँग समेत समन्वय गरी १ अस्पताल, १ स्वास्थ्य चौकी र २ स्वास्थ्य इकाई निर्माण गरिने छ ।

(ज) स्वास्थ्य केन्द्रहरुमा औषधीहरुको उपलब्धता सुनिश्चितता गरिने छ । साथै प्रदान गरिने सेवा तथा औषधीहरुको विवरण सहितको नागरिक बडापत्र राखी सो बमोजिम सेवा प्रदान भए नभएको अनुगमन गर्ने प्रणालीको विकास गरिने छ ।

## ३.९ खानेपानी तथा सरसफाई

### *३.९.१ वर्तमान अवस्थाको विश्लेषण*

काठेखोला गाउँपालिकामा खानेपानी एक विकराल समस्याको रुपमा रहेको छ । सवभन्दा वढी घरधुरी (७७.३७ प्रतिशत) सार्वजनिक धारा प्रयोग गर्छन् । केवल २.६० प्रतिशत घरधुरीमा मात्र व्यक्तिगत धाराको पहुंच छ । केहि घरधुरी खोला (०.५५ प्रतिशत) र कुवा (०.२८ प्रतिशत) बाट पनि खानेपानी प्राप्त गर्छन् । २.४१ प्रतिशत घरधुरीले दुइ किसिमका स्रोतमा पहुंच राख्छन् भने जम्मा ०.०७ प्रतिशत घरधुरी तिन किसिमका स्रोतमा पहुंच राख्छन् (तालिका ३०) ।

**तालिका ३० : जातजाति अनुसार खानेपानीको स्रोतमाथि पहुँच (घरधुरी प्रतिशत)**

| जातिगत विवरण | १ | २ | ३ | ४ | ५ | ६ | दुइ किसिमको स्रोतमा पहुंच | तिन किसिमको स्रोतमा पहुंच |
|---|---|---|---|---|---|---|---|---|
| ब्रह्मण, क्षेत्री र ठकुरी | १२.३२ | ८१.२८ | २.८४ | १.१३ | ०.१२ | ०.०६ | २.१३ | ०.१२ |
| दलित | २०.८५ | ७३.१३ | ३.२३ | ०.३३ | ०.४५ | ०.०० | २.०१ | ०.०० |
| आदिवासी जनजाति | १८.७७ | ७५.७८ | २.०४ | ०.११ | ०.३४ | ०.०० | २.८९ | ०.०६ |
| औसत | १६.७० | ७७.३७ | २.६० | ०.५५ | ०.२८ | ०.०२ | २.४१ | ०.०७ |

१.ढुङ्गाको धारा, २. सार्वजनिक धारा, ३. व्यक्तिगत घरमा धारा, ४. खोला वा नदीबाट, ५. कुवा, ६. अन्य

औसतमा करिव २६ प्रतिशत घरधुरीमा पानीको पर्याप्त नभएको पाइन्छ । सवैभन्दा बढी ब्रह्मण, क्षेत्री तथा ठकुरी घरधुरी (३०.९९ प्रतिशत) मा पर्याप्त पानीको उपलब्धता नभएको देखिन्छ । करिव ४१ प्रतिशत घरधुरीले पानी उमालेर पिउने गरेको देखिन्छ भने धेरै घरधुरीले ( ५७.९१ प्रतिशत) ले पानी उपचारका अन्य विधिहरु अपनाउंछन् (तालिका ३१) ।

**तालिका ३१ : पानी स्वच्छ पार्ने तरिका (घरधुरी प्रतिशत)**

| जातिगत वर्गिकरण | उमालेर पिउने | रासायनिक प्रयोग | अन्य |
|---|---|---|---|
| ब्रह्मण, क्षेत्री र ठकुरी | ४९.२८ | ०.८४ | ४९.८८ |
| दलित | ३१.६८ | ०.२३ | ६८.०९ |
| आदिवासीजनजाति | ३८.९३ | ०.६३ | ६०.४४ |
| **औसत** | **४१.४५** | **०.६३** | **५७.९१** |

टोल भेला र वडा स्तरीय छलफलका अनुसार खानेपानीसँग सम्बन्धित मुख्यतः तिन वटा समस्याहरु रहेको पाइन्छ । (१) कतिपय टोलहरुमा पानीको स्रोतको नै अभाव रहेको, (२) कतिपय टोलमा पानीको स्रोत रहेर पनि व्यवस्थापन गर्न नसकिएको र (३) कतिपय टोलमा पानीको स्रोत व्यवस्थापन गरी ल्याइएको पानीको वितरणमा समस्या रहेको देखिन्छ (तालिका ३२) ।

**तालिका ३२: खानेपानीको स्रोत तथा व्यवस्थापनको वर्तमान अवस्था (टोल तथा वडास्तरीय छलफलको आधारमा)**

| वार्ड नं. | पानीको स्रोत | लाभान्वित टोल | व्यवस्थापनको सवाल |
|---|---|---|---|
| १ (पाला) | दोविल्ला स्रोत व्यवस्थापन | दोविल्ला | पानीमुहान संरक्षण, रिचार्ज पोखरीको निर्माण गर्नं पर्ने । |
| | काउरे खानेपानी योजना -हाल अछेतेमा प्रयोग भई रहेको) | काउरे | स्रोत सुक्दै गएकोले स्रोत संरक्षणमा जोड दिनु पर्ने । विहुँ र अछेते क्षेत्रमा पानी सदुपयोग गर्नं पर्ने । |
| | करिना | करिना | पालामा पानीको स्रोत छ त्यसैले करिना र पालाको बीचमा समन्वय कायम गरी पानीको व्यवस्थापन गर्न सकिने । |
| | धिमी टोल | धिमी | पानी वितरण प्रणालीमा सुधार गर्नु पर्ने । |
| २ (भिमापोखरा) | सिम काभ्रे र नागलढुङ्गा | सिम र काभ्रेको ४० देखि ५० घरधुरी (४-५ घरधुरीको लागि एक धारा) | स्रोत व्यवस्थापन (रिचार्ज पोखरी) को निर्माण |
| | गैह्रथोक र मुलथाना र निलपाटा | गैह्रथोक र मुलथानामा ११० देखि १२० घरधुरी र निलपाटामा ३० घरधुरी | स्रोत व्यवस्थापन (रिचार्ज पोखरी) को निर्माण |
| | दपासा अक्षेते | दपासा र अक्षेतेको ८० देखि ९० घरधुरी (एक घर एक धारा अभियान शुरु गरी सकेको) | एक घर एक धाराको व्यवस्था |
| | भिमापोखरा | भिमापोखरा (१८० घरधुरी) | स्रोत व्यवस्थापन र वितरण प्रक्रियाको सुधार |
| | मुलथाना | मुलथाना १५० घरधुरी | स्रोत व्यवस्थापन र वितरण प्रक्रियाको |

| | | | |
|---|---|---|---|
| | | | व्यवस्थापन (५ देखि ७ घरको बीचमा एक धारा पहिले नै निर्माण भई सकेको) |
| | सलाम र कुथुर्के | सलाम र कुथुर्के १५० ( ५ देखि ७ घरधुरीका लागि धारा) | पुरानो स्रोत व्यवस्थापन र नयाँ स्रोत पहिचान गरी सुधार गर्ने |
| | डुडिया | डुडिया १२ घरधुरी (५ देखि ७ घरधुरीका लागि धारा) व्यवस्थापन भई सकेको | व्यवस्थित रुपमा वितरण प्रक्रियाको विकास गर्ने |
| ३ (धम्जा) | साविक ८ र ९ वडा | साविक ८ र ९ वडा | मुहान पुनरस्थापन तथा संरक्षण ( रिचार्ज पोखरीको निर्माण) |
| | साविक ६ वडा | साविक ६ वडा | स्रोत व्यवस्थापन -रिचार्ज पोखरीको निर्माण) |
| | स्यान्तारे | साविक ४ र ५ | मुहान पुनरस्थापन तथा संरक्षण ( रिचार्ज पोखरीको निर्माण) |
| | तारेभीर | साविक ४, ५, ६ | मुहान छ तर पुनरस्थापन तथा संरक्षण जरुरी |
| ४ (तँग्राम) | कुरमीला भुड्के मुल | साविक ३, ४, ५, र ६ ( ३५० घरधुरी) | मुहान छ तर पुनरस्थापन तथा संरक्षण |
| | धम्जा भुड्के मुल | धम्जा भुड्के मूल | स्रोत व्यवस्थापन -पाइप वितरण गरी वितरण प्रक्रियाको सुधार) |
| | उनुवा | उनुवा | नयाँ स्रोतको पहिचान |
| | भिरखोर मूल | साविक ८ वडा | मुल व्यवस्थापन र वितरण प्रक्रियाको सुधार |
| | पेरीवयाङ्ग मूल | साविक २ वडा | स्रोत व्यवस्थापन |
| ५ (उपल्लो विहुँ) | नेउरानी | नेउरेनी | पाइप विछ्याई सकेको छ। मुहान संरक्षण, पानी ट्याँकी हाल २,००० लिटरबाट ५,००० लिटरको बनाउने। |
| | दहमूल | रिजालचोक, गणेशचोक, घोडावाधे | नेपाली सेनाले प्रयोग गरेकोले रिजालचोक, गणेशचोक, घोडावाधेका स्थानीय वासिन्दालाई समस्या |
| | रिजालचोक | रिजालचोक | सिममूलको संरक्षण र लिफ्ट गरी गण्डकपानी चिसापानी र रिजालचोक खानेपानीको व्यवस्थापन गर्ने। |
| | फापरखेत | नेपाली सेना, गणेशचोक, रिजालचोक | नयाँ योजना तर्जुमा गर्नँ पर्ने। |
| | घोडावांधे | घोडाबाँधे | सिममूलसँग एकीकृत गरी वितरण व्यवस्थापन गर्ने |
| | मौरीभिर | मौरीभिर | (यो योजना विसं २०४५ र २०४६ मा सञ्चालनमा आएको।) मुहान पुनरस्थापन तथा संरक्षण |
| | दाद्राखोलामूल | दाद्राखोला | मुहान संरक्षण तथा व्यवस्थापन र वितरणको लागि ४ लाख रुपैंया बजेटको योजना अघि नै शुरु गरी सकेको। |
| ६ (तल्लो विहुँ) | धुवाखोला | समग्र वडा नं ६ | मुहान संरक्षण र व्यवस्थापन |
| | विरुवाखोला | समग्र वडा नं ६ | पुरानो मुहान संरक्षण र व्यवस्थापन गर्ने र |

| | | | |
|---|---|---|---|
| | | | रिचार्ज पोखरीको निर्माण गर्ने |
| | समग्र वडा नं ६ | समग्र वडा नं ६ | धेरैजसो खानेपानीका स्रोत वार्ड नं ५ मा भएकोले ती मूलहरुमा एकीकृत गर्ने खानेपानी वितरण नियमन गर्ने । शुल्क उठाउने । खानेपानी सहकारीको अवधारणा लागु गर्ने । |
| ७ (रेश) | मकै खोरिया | ७ धारा भएको | मुहान पुनरस्थापन तथा संरक्षण र वितरण प्रक्रियाको सुधार गर्नं पर्ने । |
| | वडा नं ७ सवै टोल | वडा नं ७ सवै टोल | कादेश मुहान पुनरस्थापन तथा संरक्षण र एकीकृत मुहान व्यवस्थापन गरी वितरण प्रक्रियाको विकास गर्ने |
| | पिडाला | वडा नं ७ सवै टोल | मुहान पुनरस्थापन तथा संरक्षण |
| | जिरेनी | जिरेनी साविक ९ वडा | नयां पानीको स्रोतको पहिचान गर्नं पर्ने |
| ८ (लेखानी) | माथिल्लो विहुँ | वडा नं ८ का टोलहरु | वडा नं ५ मा भएका केहि पानीको स्रोतहरु वडा नं ८ (लेखानीको) नाममा मा दर्ता भएको । ती पानीको स्रोतबाट वडा नं ८ का लागि वितरण |
| | कादेश | वडा नं ८ का टोलहरु | मुहानहरु पहिचान गरी ती मुहानको संरक्षण, व्यवस्थापन गरी मिटर प्रणालीको आधारमा वितरण प्रक्रियाको एक घर एक धाराको अवधारणा अनुसार सुधार गर्ने । |

### *३.९.२ शौचालयको वर्तमान अवस्था*

काठेखोला गाउँपालिकाका ९७ प्रतिशत भन्दा बढि घरधुरीहरुमा शौचालयको व्यवस्था छ । जसमध्य आधाजसो घरमा आधुनिक फ्लस सहितको शौचालय छ भने बाँकीमा परम्परगत शौचालय रहको छ (तालिका ३३) । शौचालय नभएका करिव ३ प्रतिशत घरधुरीमध्ये मुख्यतः दलित घरधुरीहरु (९५.५ प्रतिशत) छन् ।

**तालिका ३३: शौचालयको अवस्था (प्रतिशत)**

| जातिगत विवरण | आधुनिक फ्लस भएको | परम्परागत खालको | शौचालय नभएको |
|---|---|---|---|
| ब्रह्मण, क्षेत्री र ठकुरी | ४७.४७ | ५०.६८ | १.८४ |
| दलित | ३८.८४ | ५५.६१ | ५.५५ |
| आदिवासी जनजाति | ५४.९९ | ४३.१२ | १.८९ |
| **औसत** | **४८.७५** | **४८.६३** | **२.६२** |

धेरै जसो (९३.७१ प्रतिशत) घरधुरीमा वाथरुमको छुट्टै व्यवस्था नभएको देखिन्छ । पानीको मात्रा कम भएर वाथरुम नभएको पाइयो । त्यस मध्ये सवभन्दा बढी ९८.३९ प्रतिशत दलित घरधुरीसँग बाथरुम नभएको पाइन्छ (तालिका ३४) ।

**तालिका ३४ : वाथरुमको अवस्था (घरधुरी प्रतिशत)**

| जतिगत विवरण | वाथरुम भएको | वाथरुम नभएको |
|---|---|---|
| ब्रह्मण, क्षेत्री र ठकुरी | ८.०१ | ९१.९९ |
| दलित | १.६१ | ९८.३९ |
| आदिवासी जनजाति | ६.९६ | ९३.०४ |
| **औसत** | **६.६९** | **९३.७१** |

### *३.९.३ विकासका सूचक तथा लक्ष्यहरु*

खानेपानी तथा सरसफाई क्षेत्रका विकासका सूचकहरु तथा हरेक सूचकका परिमाणात्मक लक्ष्यहरु तालिका ३५ मा दिइएको छ ।

**तालिका ३५ : खानेपानी तथा सरसफाई सम्बन्धी विकासका सूचक तथा लक्ष्यहरु**

| क्र.सं. | विकासका सुचकहरु | हालको अवस्था | अधिकतम आशातित अवस्था | गुरुयोजनाको लक्ष्य (वि.सं. २१००) | आ.व. २०७९।८० सम्मको लक्ष्य | योगदान गरिने दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | सार्वजनिक धारामा पहुँच भएका घरधुरी | ७७.४ | ० | २० | ८५ | ६.१, ११.५ |
| २ | व्यक्तिगत धारामा पहुँच भएका घरधुरी | २.६० | १०० | ८० | ५ | ६.१, ६.२, १२.२, १२.४ |
| ३ | शुद्धिकरण गरिएको पानी पिउने घरधुरी | ४१.५ | १०० | १०० | ५० | ६.३, ६.४ |
| ४ | शौचालय नभएका घरधुरी | २.६ | ० | ० | ० | ३.९, ६.२ |
| ५ | आधुनिक फ्लस सहितको शौचालय भएका घरधुरी | ४८.८ | १०० | १०० | ६० | ६.२, ३.९, ४.क |
| ६ | वाथरुमको व्यवस्था भएका घरधुरी | ६.७ | १०० | १०० | ८ | ६.२ |
| ७ | फोहर वर्गिकरण गरी व्यवस्थापन गर्ने घरधुरी प्रतिशत | | १०० | १०० | १० | ११.६ |

### *३.९.४ नीति तथा कार्यक्रमहरु*

(क) एक घर, एक धाराको नीति अनुरुप हरेक घरधुरीमा धारा पुर्‍याउन हरेक टोलको निम्ति छुट्टाछुट्टै विस्तृत परियोजना प्रस्तावहरु तयार गरी क्रमशः कार्यान्वयन गरिने छ । खानेपानी प्रणालीको स्थापना पश्चात एक कार्यविधि बनाई खानेपानीको वितरण, प्रणालीको मर्मत, सम्भार लगायत समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय उपभोक्ता समुहलाई नै दिइने छ ।

(ख) हरेक घरमा आधुनिक शौचालय बनाउने नीति अनुरुप विकास साझेदारहरुसँग समेत सहकार्य गरी शौचालय बनाउन खरिद गर्नुपर्ने सामाग्रीहरुमा अनुदान प्रदान गरिने छ ।

(ग) खानेपानीका स्रोत (मुहान) हरु पहिचान गरी उक्त स्रोतहरुको संरक्षण र व्यवस्थापनको निम्ति विस्तृत परियोजना प्रस्तावहरु तयार गरी क्रमशः कार्यान्वयन गरिने छ ।

(घ) पानीको स्रोतमा सहज पँहुच नभएका टोलहरुलाई केन्द्रित गरी घरघरमा आकासे पानी जम्मा गर्ने र त्यसको वहुउपयोग गर्ने प्रणालीको विकास गरिने छ । यसको लागि एक कार्यविधि बनाई खरको छानो भएका घरहरुमा टिनको छानोले प्रतिस्थापन गर्न टिनको खरिदमा र प्लाष्टिकको ट्यांकी खरिदमा अनुदानको व्यवस्था गरिने छ ।

(ङ.) विद्यालयहरुमा सफा पानीको उपलब्धता सुनिश्चित गर्न उपयुक्त साइजको पानी शुद्धिकरण गर्ने उपकरण जडान गरिने छ । साथै एक कार्ययोजना बनाई घरमा पानी शुद्धिकरण गर्ने उपकरण राख्न अनुदानको व्यवस्था गरिने छ ।

(च) प्लाष्टिकको झोलाको उपयोगलाई दुरुत्साहन गर्न प्रवर्द्धनात्मक तथा कानूनी उपायहरु अवलम्वन गरिने छ ।

(छ) कुहिने र नकुहिने फोहरको वर्गिकरण गरी त्यस्ता फोहरहरुको समुचित व्यवस्थापन गर्न जनचेतना जागरण गर्ने तथा विद्यालय तथा बजार क्षेत्रमा कन्टेनरहरुको व्यवस्था गरिने छ ।

## ३.१० आवास र वस्ती विकास

### *३.१०.१ वर्तमान अवस्थाको विश्लेषण*

काठेखोलाका करिव ९८ प्रतिशत घरधुरीसँग आफ्नै घर रहेको पाइन्छ । दलितहरुमध्ये करिव ३ प्रतिशत घरधुरीसँग आफ्नै घर छैन (तालिका ३६) । घरको गुणस्तर समेत दलितको कम राम्रो रहेको पाइन्छ (तालिका ३७) ।

**तालिका ३६ : जातजातिका आधारमा घरको स्वामित्व (प्रतिशत)**

| जातिगत विवरण | घर अपनत्वको प्रकार (प्रतिशत) | | |
|---|---|---|---|
| | आफ्नै घर | भाडामा | अरुको घर तर भाडा तिर्नु नपर्ने |
| ब्रह्मण, क्षेत्री तथा ठकुरी | ९७.५८ | १.६५ | ०.७७ |
| दलित | ९७.२१ | ०.६७ | २.१२ |
| आदिवासी जनजाति | ९८.३४ | १.०९ | ०.५७ |
| **औसत** | **९७.८१** | **१.२२** | **०.९७** |

**तालिका ३७ : जातजातिको आधारमा घरको अवस्था (प्रतिशत)**

| जातिगत विवरण | ज्यादै राम्रो | राम्रो | ठिकै | नराम्रो |
|---|---|---|---|---|
| ब्रह्मण, क्षेत्रीतथा ठकुरी | ४.७८ | ४४.०० | ४७.३४ | ३.८८ |
| दलित | २.४७ | २१.५७ | ६३.१५ | १२.८१ |
| आदिवासीजनजाति | ४.४३ | ३७.९३ | ५३.८५ | ३.७९ |
| **औसत** | **४.१६** | **३६.९१** | **५३.२४** | **५.६९** |

१. ज्यादै राम्रोः आर.सि.सि., २. राम्रोः ढुङ्गा वा काठको गारो र जस्ता वा स्लेटको छाना, ३. ठिकैः ढुङ्गा वा काठको गारो र खरको छाना, र ४. नराम्रोः अस्थाई गारो तथा खरको छाना भएको

औसतमा करिव ६१ प्रतिशत घरधुरीमा छुट्टै भान्छा कोठाको व्यवस्था भएकोमा दलित घरधुरीमा ५२ प्रतिशतमा मात्र छुट्टै भान्छा कोठाको व्यवस्था रहेको पाइन्छ । वस्तीहरु एकदमै छिरलिएर रहेकोले विकासका पूर्वाधारहरु एवं सेवा प्रवाहको लागत बढरिहेको पाइन्छ ।

### *३.१०.२ विकासका सूचक तथा लक्ष्यहरु*

आवास तथा वस्ती विकास सम्वन्धी विकासका सूचकहरु र त्यसका परिमाणात्मक लक्ष्यहरु तालिका ३८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३८ : आवास तथा वस्ती विकास सम्बन्धी सूचक तथा लक्ष्यहरु**

| क्र.सं. | विकासका सुचकहरु | हालको अवस्था | अधिकतम आशातित अवस्था | गुरुयोजनाको लक्ष्य (वि.सं. २१००) | आ.व. २०७९।८० सम्मको लक्ष्य | योगदान गरिने दिगो विकास लक्ष्य |
|---|---|---|---|---|---|---|
| १ | आफ्नै घर रहेको घरधुरीको प्रतिशत बढाउने | ९७.८ | १०० | १०० | ९९ | ५.६, ११.१ |
| २ | राम्रो अवस्थाका घर रहेका घरधुरी प्रतिशत (जस्ता वा स्लेटको छाना र काठ वा ढुङ्गाको गारो भएको) | ३६.९ | १०० | ८० | ४० | ११.१ |
| ३ | स्वस्थ भान्सा कोठाको व्यवस्था भएका घरधुरी प्रतिशत | ६१ | १०० | ९० | ६५ | ३.८ |
| | एकिकृत वस्ती विकास | | | | | |

### *३.१०.३ नीति तथा कार्यक्रम*

(क) घरविहिनहरुको निम्ति सहज ऋण तथा अनुदानको व्यवस्था गर्ने तथा खरको छानोलाई टिन वा ढुंगाको छानोले प्रतिस्थापन गर्न अनुदानको व्यवस्था गरिने छ ।

(ख) विभिन्न मोहडाको निम्ति उपयुक्त हुने घरहरुको डिजाइन तथा नक्शा बनाई निशुल्क उपलब्ध गराइने छ साथै विभिन्न टोलहरुको निम्ति घरको रंग निर्धारण गरी सो रंग प्रयोग गर्न प्रोत्साहन गरिने छ ।

(ग) व्यवस्थित बस्ती विकास गर्न नीतिगत, कानूनी र स्वयंसेवी प्रकिया अवलम्वन गरिने छ साथै जोखिमयुक्त स्थानमा वस्ती निर्माण गर्न रोक लगाइने छ ।

(घ) विपन्न तथा घरविहिन परिवारलाई घर बनाउन काठ तथा अन्य निर्माण सामाग्रीमा अनुदानको व्यवस्था गरिने छ ।

## ३.११ वातावरण तथा जलवायु परिवर्तन व्यवस्थापन

### *३.११.१ वर्तमान अवस्थाको विश्लेषण*

यस गाउँपालिका क्षेत्रमा वातावरणीय अध्ययन बिना जथाभावी खनिएका सडकहरुले पहिरो तथा भूक्षय जस्ता वातावरणीय समस्याहरु निम्त्याएका छन् भने कतिपय स्थानमा वन विनास समेत भएको छ । यस्तै सडक सञ्जालको विस्तारसँगै प्लाष्टिकजन्य पदार्थहरुको प्रयोगमा वृद्धि भएको छ भने त्यसको उपयुक्त व्यवस्थापन गरिएको पाईंदैन । जताततै कच्ची सडक भएको कारण मुख्यतः सडक आसपासको वस्तीमा वायु प्रदूषणको मात्रा बढि रहेको छ ।

यस्तै विश्वव्यापी तापक्रम वृद्धिसँगै भएको जलवायु परिवर्तनका विविध प्रभावहरु समेत देखापरेका छन् भने त्यस्ता प्रभावहरु भविष्यमा बढ्दै जाने निश्चितप्रायः छ । जलवायु परिवर्तनको नकरात्मक प्रभावका कारण मुलतः पानीका स्रोतहरु सुक्दै गई कृषि तथा दैनिक जनजीवनमा अत्यावश्यक पानीको उपलब्धता घट्दै गएको आम रुपमा महसुस गरिएको छ ।

### *३.११.२ नीति तथा कार्यक्रम*

(ङ) सडक लगायतका भौतिक पूर्वाधारहरुको निर्माण गर्दा प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन पुरा गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गर्दै सो पुरा नगरेका आयोजनाहरुको निम्ति बजेट विनियोजन गरिने छैन ।

(च) उद्योग, व्यवसायको योजना वा प्रस्ताव तयार गर्दा वातावरणीय व्यवस्थापन सम्बन्धी परिच्छेद संलग्न गर्नुपर्ने व्यवस्था गरिने छ ।

(छ) भौतिक पूर्वाधार, उद्योग, व्यवसाय लगायतका परियोजनाहरुको वातावरणीय अनुगमन र परिक्षण नियमित रुपमा गरिने छ ।

(ज) स्थानीय अनुकूलन कार्ययोजना तर्जुमा गरी सबै विषयगत क्षेत्रका योजनाहरुमा जलवायु परिवर्तनको विषयलाई एकिकृत गरिने छ ।

## ३.१२ लैंगिक तथा सामाजिक समावेशीता, जिविकोपार्जन र सुशासन

### *३.१२.१ वर्तमान अवस्थाको विश्लेषण*

नेपालको संविधानले सुशासन र सामाजिक समावेशिकरणलाई उच्च महत्व दिएको छ । तर संघियता कार्यान्वयन प्रारम्भिक चरणमा रहेको र अझै स्थानीय तहको व्यवस्थापनको काम बाँकी रहेको सन्दर्भमा काठेखोला गाउँपालिकामा संविधानले परिकल्पना गरेजस्तो सुशासनको

प्रत्याभूति गर्न तथा सामाजिक समावेशीकरण मार्फत न्यायपूर्ण समाजको निर्माण गर्न धेरै कार्यहरु गर्नुपर्ने देखिन्छ । टोल तथा वडास्तरीय छलफलका क्रममा गाउँपालिकाले सुशासन र सामाजिक न्यायको सन्दर्भमा गर्नुपर्ने प्रयासहरु सम्बन्धमा तलका सुझावहरु प्राप्त भएका थिए ।

(क) सामाजिक विभेदको अन्त्य गर्न सामाजिक, आर्थिक तथा कानूनी व्यवस्था गर्ने ।

(ख) विपन्न परिवारलाई खरको छाना फेरी टिनको छाना राख्न अनुदानको व्यवस्था गर्ने ।

(ग) मध्यपानको अत्यधिक र अनियन्त्रित प्रयोग नियन्त्रण गर्ने ।

(घ) समान कामको महिला र पुरुषको ज्यालामा भएको विभेद अन्त्य गर्ने ।

### *३.१२.२ नीति तथा कार्यक्रमहरु*

(क) गाउँपालिका तथा वडा कार्यालय तथा अन्य कार्यालयहरुमा नागरिक बडापत्र राखी सो बडापत्र अनुसार सेवा प्रवाह भए नभएको नियमित अनुगमन गरिनुका साथै सम्बन्धित जनप्रतिनिधि तथा कर्मचारीहरुलाई दण्ड र पुरस्कारको व्यवस्था गरिने छ ।

(ख) महिलामाथि हुने हरेक प्रकारका हिंसा विरुद्ध सचेतना अभियान संचालन गरिने छ ।

(ग) मदिरा उत्पादन र सेवनलाई व्यवस्थित गर्न कानूनी व्यवस्था गरिने छ ।

(घ) जोखिममा परेका वालवालिका तथा ज्येष्ठ नागरिकहरुलाई संरक्षण गर्ने कार्यक्रम तय गरी कार्यान्वयन गरिने छ ।

(ड.) युवा, महिला, दलित तथा विपन्न घरधुरीलाई गरी व्यवसायिक योजना बनाई कृषि तथा गैरकृषि क्षेत्रका आय आर्जनका कार्यक्रमहरु संचालन गरिने छ ।

(च) भूमिहिन तथा फरक क्षमता भएकाहरुलाई लक्षित गरी व्यवसायिक योजना बनाई गैरकृषि आयमूलक क्रियाकलापहरु संचालन गरिने छ ।

# खण्ड ४: गुरुयोजना कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन

## ४.१ गुरुयोजना कार्यान्वयन

यो गुरुयोजनाको प्रभावकारी कार्यान्वयन गर्न हरेक आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा गुरुयोजनाले औंल्याएका विषयगत क्षेत्रका विकासका सूचका तथा लक्ष्यहरु एवं नीति तथा कार्यक्रमहरु समसामयिक परिमार्जन गरी समावेश गरिने छ । कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न देहाय वमोजिमका नीति तथा संयन्त्रहरुको व्यवस्था गरिएको छ ।

**(क) वडा कार्यालयको स्थानः** भइरहेका संरचनाहरुको अवस्थिति समेतलाई मध्यनजर गर्दै गाउँपालिकाको सदरमुकाम र वडा कार्यालयहरु सम्बन्धित क्षेत्रका बासिन्दाहरुलाई पायक पर्ने स्थानमा कायम गरिने छ ।

**(ख) प्राविधिकहरुको व्यवस्थाः** स्थानीय बासिन्दालाई प्रभावकारी सेवा प्रवाह गर्न मुख्यतः कृषि, पशुपालन लगायतका क्षेत्रका प्राविधिकहरुको प्रयाप्त व्यवस्था गरी छिटो, छरितो र गुणस्तरीय सेवा उपलब्ध गराइने छ ।

**(ग) समन्वय र सहकार्यः** यो गुरुयोजना कार्यान्वयन गर्न संघ र प्रदेशका विषयगत निकायहरु, गैरसरकारी एवं सामुदायिक संघ संस्थाहरु तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिने छ ।

**(घ) सामाजिक न्यायोचितताः** लैङ्गिक समानता र समावेशिकरणको सिद्धान्तलाई अनुसरण गर्दै विभिन्न संस्थाहरुमा महिलाहरुको नेतृत्व सहितको सहभागिता सुनिश्चित गरिनुका साथै आर्थिक क्रियाकलापहरु संचालन गर्दा विपन्न एवं सामाजिक वन्चितिकरणमा परेका परिवार तथा समुहलाई लक्षित गरिने छ ।

**(ङ) टोल विकास समितीको गठनः** हरेक परियोजनाको निम्ति एक उपभोक्ता समिति बनाउने परिपाटीको अन्त्य गर्दै हरेक टोलमा एक स्थायी प्रकृतिको समाबेशी (**लिंगीय, जातिय, वर्गीय तथा भेगिय**) टोल विकास समिति गठन गरी सोही समिति वा त्यसको उपसमुहको रुपमा कार्यक्रम कार्यान्वयनको जिम्मेवारी दिइने छ । सम्बन्धित वडा सदस्यहरुले टोल विकास समितीको अनुगमन गर्ने प्रणालीको विकास गरिने छ ।

**(च) वडाध्यक्षको संयोजकत्वमा पालिका स्तरीय विषयगत समितीः** गाउँपालिका स्तरीय विषयगत अनुगमन समितीको निर्माण (वडाध्यक्षको संयोजकतवमा निर्माण भई सकेको छ भने प्रभावकारी बनाउने) गरी गाउँपालिका अन्तरगतका वडा तथा टोल विकास समितीहरुबाट भए गरेको

कामको नियमित अनुगमन गर्ने व्यवस्था मिलाइने छ । वडाध्यक्षको संयोकजत्वमा निर्माण भएको विषयगत समितीले आफ्नो लगायत अन्य वडाहरुमा भएका कार्यक्रमको कार्यान्वयनको प्रगति समिक्षा गर्ने हुँदा पारदर्शिता सुनिश्चता हुन्छ ।

**(छ) विशेषज्ञ समितीः** प्राविधिक प्रकृतिका विकास कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन, अनुगमन र मुल्याङ्कनका लागि गाउँपालिकाले आवश्यकता अनुसार विभिन्न विशेषज्ञ समितीहरु गठन गर्न सक्ने छ ।

## ४.२ अनुगमन तथा मूल्याङ्कन

यो गुरुयोजना र वार्षिक योजनाको कार्यान्वयनको नियमित एवं आवधिक अनुगमन तथा प्रगति समिक्षा गरिने छ । वार्षिक योजनाको अनुगमन त्रैमासिक तथा वार्षिक रुपमा गाउँपालिकाले आफ्नै शाखागत संयन्त्रहरु मार्फत गर्ने छ । त्रैमासिक अनुगमनले वार्षिक योजनाको लक्ष्य र वार्षिक अनुगमन तथा प्रगति समिक्षाले समग्र गुरुयोजनाको लक्ष्य हासिल गर्न सहयोग पुग्दछ । वार्षिक प्रगति समिक्षाले कार्यक्रमको प्रगति, कार्यक्रमले दिगो विकास लक्ष्य हासिल गर्न पुर्‍याएको सहयोग, संघीय तथा प्रादेशिक कार्यक्रमको लक्ष्य हासिल गर्न पुर्‍याएको सहयोग, कार्यक्रम कार्यान्वयन गर्दा देखा परेका समस्या, अड्चन र समाधानका उपायहरु पहिचान गर्न सहयोग पुग्दछ । समिक्षाले गुरुयोजनाले निर्दिष्ट गरेका कार्यक्रम सहितको नयाँ आर्थिक वर्षको वार्षिक योजना तयार गर्दै समग्र गुरुयोजना प्राप्तीमा सहयोग पुर्‍याउँदछ । गुरुयोजनाको कार्यान्वयनको अनुगमन नियमित तथा आवधिक (पहिलो पटक ३ बर्षमा र त्यसपछि हरेक ५ वर्षमा) र अन्तिम मूल्याङ्कन हरेक क्षेत्रगत विकासको सूचक र लक्ष्यको आधारमा गाउँपालिकाले गर्नेछ । यसको निम्ति गाउँपालिकाले अनुगमन समिति बनाउन सक्ने छ । गुरुयोजना कार्यान्वयनको अनुगमन तथा मूल्यांकनको सामान्य खाका तालिका

